# कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

धनमाया राई

परीक्षा क्रमाङ्क: २३३०१०३/२०६६

त्रि.वि.वि. द.नं.: ४३१७८-९०

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा

शिक्षा विभागअर्न्तगत स्नातकोत्तर तह दोस्रो

वर्षको नेपा शि. ५९८ को पाठ्यांश

पूरा गर्ने प्रयोजनका

निमित्त प्रस्तुत

## शोधपत्र

२०६९/२०१३

शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली

# कृतज्ञता ज्ञापन

अनुच्छेद लेखन लेखाइ सीप विकासको महत्वपूर्ण माध्यम भएकाले यससँग सम्बन्धित रहेर विस्तृत अध्ययन हुनुपर्ने आवश्यकता महसुस गर्दै त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्ष नेपा.शि.५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजन स्वरूप सिन्धुली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन नामक शोधपत्र तयार पारिएको हो । अनुसन्धान एक विशिष्ट र गहन अध्ययन प्रक्रिया हो । यस कार्यलाई सम्पन्न गर्नका लागि विविध पक्ष एवम् क्षेत्रबाट सहयोग प्राप्त हुनुपर्दछ। प्रस्तुत सोधपत्रलाई विभागीय स्वीकृत प्रदान गरी सो सोधपत्र लेख्ने सुअवसर प्रदान गर्दै आवश्यक मार्गनिर्देश, उचित सल्लाह र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरु भानुभक्त गुरुङप्रति कृतकृत्य छु। त्यसै गरी यस शोधकार्यको शीर्षक चयनदेखि लिएर उचित मार्गनिर्देश शुद्धाशुद्धीलगायत स्तरीय शोधपत्र छपाइप्रति निरन्तर सहयोग गर्नुहुने आदरणीय शोधनिर्देशक गुरु अर्जुनप्रसाद पौडेलप्रति हृदयतः आभारी छु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग गर्नु हुने आदरणीय गुरु फाल्गुणी शर्मा सिन्धुली बहुमुखी क्याम्पसका आदरणीय गुरुहरू तथा बुबा आमाको भूमिका निर्वहगरी मेरो हरपल प्रगति चाहनु हुने दाजु गोविन्द गजुरेल र भाउजू विजया गजुरेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै श्री जनज्योति उच्च माध्यमिक विद्यालय खुर्कोटका शिक्षकज्यूहरू माधवप्रसाद पोखरेल, मीनबहादुर पुर्वछाने, हरिप्रसाद पोखरेल, बद्रीबहादुर कार्की, यज्ञबहादुर राई, परिवारजन, शिक्षक मित्रहरू सहयोगी विद्यालयका विषय शिक्षक तथा विद्यार्थी भाइ बहिनीहरूमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

त्यसैगरी मलाई एस.एल.सी. पास गराउने धोको राख्तै स्वर्गवासी हुनुभएका मेरा पिता लालबहादुर राई र एक्लै विविध दुःख भोलेर प्रमाण-पत्र तह उत्तीर्ण गराउनु हुने मेरी ममतामयी माता स्वर्गवासी सुकुमाया राई तथा मेरा दाजु वेचबहादुर राईप्रति हार्दिक भक्तिभाव व्यक्त गर्दछु। पारिवारिक समस्यालाई बहन गरी स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गराई मलाई सफलताको चुलीमा पुऱ्याउनु हुने मेरा जीवनसाथी जङ्गबहादुर राई जसले हरपल मलाई सहयोग र प्रेरणा प्रदान गरी रहनु भयो उहाँको आजन्म ऋणी रहनेछु ।

मेरो यो शोधकार्यमा प्रत्यक्ष वा परोक्ष सहयोग गर्नु हुने भाइदाजु, दिदी प्रशिद्धा, भाइ महेन्द्रदेव श्रेष्ठ लगायत शोधसामग्री उपलब्ध गराउनु हुने सम्पूर्ण महानुभावप्रति

आभार प्रकट गर्दै यस शोधपत्रलाई छिटो छरितो र शुद्धसँग टङ्कन गरिदिनु हुने दाजु प्रवोध, भाइ प्रवेश सिन्धुलीय साथै शब्दाञ्जली अफसेट प्रेसलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा, प्रस्तुत शोधपत्रको उच्च मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागसमक्ष पेश गरेकी छु ।

....................

**शोधार्थी**

धनमाया राई

# शोधसार

**शोध शीर्षक : -** कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

**शोधार्थी** : - धनमाया राई

**शोध निर्देशक** :- उप-प्राध्यापक अर्जुनप्रसाद पौडेल

**विभाग / क्याम्पस :-** नेपाली भाषा शिक्षा विभाग, श्री सिन्धुली बहुमुखी क्याम्पस, ढुङ्ग्रेबास, सिन्धुली ।

**शैक्षिक वर्ष** :- २०६४/२०६६

**अध्याय / पृष्ठ सङ्ख्या ११ + ५८ +२१**

**शोध प्रक्रिया**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश नेपा.शि.५९८ को प्रयोगको लागि तयार गरिएको **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकको यो शोधकार्य विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु मानेर नमुना सर्वेक्षेण विधिको अतिरिक्त पुस्तकालयीय विधि, वर्णानात्मक विधि, विश्लेषणात्मक विधि आदिको प्रयोग गरी प्रस्तुत अनुसन्धान गरिएको छ ।

समष्टिगत रूपमा भन्नु पर्दा प्रस्तुत शोधकार्यमा सिन्धुली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ । साथै उनीहरूका अनुच्छेद लेखनसम्बन्धी कमी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव समेत दिने उद्देश्य रहेको छ ।

**शोधको उद्देश्य**

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ -

१. सिन्धुली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु,

२. मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु,

३. लैङ्गिक आधारमा छात्र र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु,

४. अनुसन्धानको क्रममा भेटिएका कमी-कमजोरीहरूको निराकरणका लागि आवश्यक सुझाव दिनु ।

**शोध निष्कर्ष**

प्रस्तुत शोधकार्यपश्चात् निम्नलिखित निष्कर्ष निकालिएको छ :

१. कक्षा पाँचका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता सन्तोषजनक देखिन्छ ।

२. छात्राको तुलनामा छात्रहरूको क्षमता कमजोर देखिन्छ ।

३. दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा मातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा कमी देखिन्छ ।

४. अनुच्छेदलेखनको माध्यमबाट लेखाइ सीपको विकास हुनुका साथै सृजनात्मक र मौलिक लेखनमा सहयोग पुग्दछ ।

५. अनुच्छेदलेखनले स्तरीयता, परिपक्वता, स्पष्टता एवम् प्रौढता निर्माण हुन्छ ।

६. विद्यार्थीहरूमा सृजनात्मक अभिव्यक्ति क्षमता विकास गर्नका लागि लेखन सीपमा सक्षम बनाउन विद्यालयका प्राथमिक तहदेखि नै अनुच्छेद लेखन शिक्षणलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

**सुझावहरू :**

१. विद्यार्थीहरूलाई अनुच्छेद लेखन, श्रुति लेखन तथा कुनै घटना वा चित्र वर्णन गर्ने कार्य प्रशस्त मात्रामा गराउनु पर्ने देखिन्छ ।

२. विद्यालयमा प्राथमिक तहदेखि नै कक्षा कार्य र गृहकार्यका रुपमा अनुच्छेद लेखनलाई अनिवार्य गराउनु पर्ने र परीक्षामा प्रश्नसमेत समावेश गर्नुपर्ने देखिन्छ ।

३. तालिम प्राप्त वा योग्य विशेषज्ञ शिक्षकलाई जिम्मेवारी दिनुपर्ने ।

४. नेपाली भाषालाई हेयको दृष्टिले हेर्ने प्रवृतिलाई हटाउनुपर्ने ।

५. शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग गर्नुपर्ने ।

६. अनुच्छेद लेखनमा जो–जो पछाडि छन् तिनीहरूकालागि उचित समय निकाली थप अभ्यास गराउनुपर्ने देखिन्छ ।

## १.९ शोधको रूपरेखा

**अध्याय- एक:** शोधको परिचय

**अध्याय- दुई:** अध्ययनको सैद्धान्तिक अवधारणा

**अध्याय- तीन:** व्याख्या र विश्लेषण

**अध्याय- चार:** तुलनात्मक अध्ययन

**अध्याय- पाँच:** निष्कर्ष र सुझाव

**सन्दर्भग्रन्थ सूची**

**परिशिष्ट**

# विषय सूची

## अध्याय एक : शोधको परिचय


| | |
|---|---|
| १.१ शोधको शीर्षक | १ |
| १.२ शोधपत्रको प्रयोजन | १ |
| १.३ समस्या कथन | १ |
| १.४ अध्ययनको उद्देश्य | २ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ अध्ययनको औचित्य | ६ |
| १.७ अध्ययनको सीमा | ७ |
| १.८ अध्ययन विधि | ७ |
| १.८.१ जनसख्या र प्रतिनिधि | ७ |
| १.८.२ समग्री निर्माण | ८ |
| १.८.३ पूर्व परीक्षण | ८ |
| १.८.४ सामग्री विश्लेषण | ८ |
| १.९ शोधकार्यको रूपरेखा | ९ |


## अध्याय दुई: अनुच्छेदको सैद्धान्तिक अवधारणा


| | |
|---|---|
| २.१ परिचय र परिभाषा | १० |
| २.२ अनुच्छेदलेखनको प्रयोजन | १४ |
| २.३ अनुच्छेदको प्रकार | १४ |
| २.३.१ वस्तुपरक अनुच्छेद | १५ |
| २.३.२ आत्मापरक अनुच्छेद | १५ |
| २.३.३ तार्किक अनुच्छेद | १६ |
| २.३.४ आख्यानात्मक अनुच्छेद | १६ |
| २.३.५ भावपरक अनुचछेद | १६ |
| २.३.६ विश्लेषाणात्मक अनुचछेद | १६ |
| २.३.७ आलङ्कारिक अनुच्छेद | १७ |

२.३.८ व्यङ्ग्यात्मक अनुच्छेद १७
२.४ अनुच्छेदको संरचना १७
२.४.१ आदि भाग १७
२.४.२ मध्य भाग १७
२.४.३ अन्त्य भाग १८
२.५ अनुच्छेदलेखनका विधि र प्रक्रिया १८
२.५.१ अनुच्छेद लेख्ने तरिका १९
२.५.२ अनुच्छेद लेखन योजना १९
२.६ लेखाइ सीप विकासमा अनुच्छेदलेखनको भूमिका २१
२.७ सारांश २२

**अध्याय तीनः व्याख्या र विश्लेषण**

३.१ विषय प्रवेश २३
३.१.१ तथ्याङ्कीय आधारमा व्याख्या विश्लेषण २४
३.१.२ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (प्रतिशताङ्क तालिकामा) २४
३.१.३ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (तालिका र स्तम्भ चित्रमा) २९
३.१.४ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (तालिका र वृत चित्रमा) ३०

**अध्याय चार : तुलनात्मक अध्ययन र विश्लेषण**

४.१ विभिन्न समूहका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन ३२
४.१.१ नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरू बीच समग्र रूपमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन ३२
४.१.२ नेपाली मातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन (प्रतिशताङ्क तालिकामा) ३५
४.१.३ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनको स्थिति (प्रतिशताङ्क तालिकामा) ३९

४.१.४ छात्र र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन ४३
४.१.५ छात्रहरूको अनुच्छेद लेखन क्षमताको स्थिति ४५
(प्रतिशताङ्क तालिकामा)
४.१.६ छात्राहरूको अनुच्छेद लेखन क्षमताको स्थिति ४९
(प्रतिशताङ्क तालिकामा)

**अध्याय पाँच : निष्कर्ष र सुझाव**

५.१ विषय प्रवेश ५४
५.२ निष्कर्ष ५४
५.३ सुझावहरू ५५
५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ५८

**सन्दर्भसूची**

**परिशिष्टहरू**

**परिशिष्ट (क) विद्यालयका सिफारिस पत्र**

**परिशिष्ट (ख) प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीको अनुच्छेदको प्रतिलिपि**

**परिशिष्ट (ग) प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयका शिक्षकहरूको लिखित प्रश्नहरूको उत्तरको प्रतिलिपि**

**परिशष्ट (घ) प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयका शिक्षकहरूसँग अर्न्तक्रिया गरी लिइएको अभिमत**

## अध्याय- एक
# शोधको परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तरको तह (एम्.एड्.) दोस्रो वर्ष नेपा. शि.५९८को प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

भाषा विचार विनिमयको एक महत्त्वपूर्ण माध्यम हो । भाषाको माध्यमबाट नै विचारको आदान-प्रदान गरिन्छ । त्यसमध्ये अझ महत्त्वपूर्ण लेख्य भाषा रहन्छ; तसर्थ लिखित अभिव्यक्तिमा शुद्ध वाक्य हुनु जरुरी छ । यसअन्तर्गत विद्यार्थीहरूलाई विभिन्न प्रकारका शीर्षकहरू दिएर अनुच्छेद लेख्न लगाई लेख्यसीपको विकास गराउन सकिन्छ । अनुच्छेद भन्नाले एक वा एकभन्दा बढी वाक्यहरूको विन्यासद्वारा निर्मित अभिव्यक्तिलाई बुझिन्छ । विभिन्न वाक्यहरूको संयोजनद्वारा अनुच्छेद बन्दछ; तर एकै अनुच्छेदमा अनुच्छेद पूरा हुनुपर्दछ । अनुच्छेद लेखनमा शीर्षकको मर्मलाई स्पष्टसँग उल्लेख गर्नु पर्दछ, नत्र यसको औचित्य रहँदैन । एउटा अनुच्छेदमा एउटै अभिप्राय प्रस्तुत गर्नु नै अनुच्छेद लेखनको मूलभूत विशेषता मानिन्छ । एक अनुच्छेदभित्र पनि आदि, मध्य र अन्त्य भाग रहेको हुन्छ । अनुच्छेदको सुरुमा आदि भाग जसमा विषयवस्तुको परिचय दिइन्छ । त्यस्तै दोस्रो भागमा आवश्यकताअनुसार विषयवस्तुको विस्तार गरी विश्लेषण गर्ने गरिन्छ र अन्त्यमा अनुच्छेदको निष्कर्षलाई जनाइन्छ । निष्कर्षमा खँदिला वाक्यहरू लेखी अनुच्छेदको सारांश प्रस्तुत गरिन्छ ।

यसरी शैक्षणिक पाठ्यक्रमहरूले साना कक्षाहरूमा पनि भाषिक सीप विकासका लागि अनुच्छेदलेखनलाई महत्त्व दिइरहेको परिप्रेक्ष्यमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेर अध्ययन-अनुसन्धान गर्ने उद्देश्य रहेको हुँदा प्रस्तुतशीर्षकसँग सम्बन्धित समस्याहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता कस्तो छ ?

(ख) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति के-कस्तो छ ?

(ग) लिङ्गका आधारमा छात्र र छात्राहरूको क्षमता स्थिति कस्तो छ ?

(घ) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेदलेखनसम्बन्धी के-कस्ता कमी-कमजोरीहरू रहेका छन् ?

(ङ) उक्त कक्षामा विद्यार्थीहरूको अनुच्छेद लेखनका लागि के-कस्ता सुझावहरू प्रस्तुत गर्न सकिन्छ ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुतअध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) सिन्धुली जिल्लाका सामुदायिक विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति पत्ता लगाउनु,

(ख) भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति पत्ता लगाउनु,

(ग) लिङ्गको आधारमा छात्र र छात्राहरूको अनुच्छेद लेखन सम्बन्धी अवस्था पत्ता लगाउनु,

घ) अनुच्छेद लेखन सम्बन्धी कमीकमजोरी पत्ता लगाउनु,

(ङ) उक्त कक्षा पाँचमा अध्ययन गर्ने विद्यार्थीहरूको अनुच्छेद लेखन सम्बन्धी कमी-कमजोरी पत्ता लगाई सुधारका लागि सुझावहरू दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

खोज अनुसन्धान कार्य आफैँमा जटील कार्य हो । यो कार्य गर्नका लागि त्यस विषयसँग सम्बन्धित पहिले नै भइसकेका खोज-अनुसन्धान कार्यहरूको समीक्षा गर्नुपर्ने

हुन्छ। विगतको समयले वर्तमानलाई दिशावोध गर्ने हुँदा पूर्व अध्ययनहरूको विशेष महत्त्व हुन्छ। प्रस्तुतकक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धान हालसम्म नभएको ठहर शोधार्थीको रहेको छ। लेखाईसँग सम्बन्धित शीर्षकहरूमा विभिन्न अनुसन्धान भए पनि त्रुटि विश्लेषण, चिन्ह प्रयोगजस्ता क्षेत्रहरूमा अध्ययन सीमित गरिएको छ। तसर्थ प्रस्तुतकक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन शीर्षक उपयुक्त र सान्दर्भिक ठानिएको छ। विभिन्न पाठ्यपुस्तक तथा लेखनसीपसँग सम्बन्धित केही शोधकार्यहरूबाट प्राप्त निष्कर्षलाई समेत यहाँ पूर्वकार्यको अध्ययन-अनुसन्धानका रूपमा प्रस्तुत गर्न सान्दर्भिक देखिएकाले यस कार्यसँग सम्बन्धित विभिन्न व्यक्तिहरूद्वारा तयार पारिएको पाठ्यसामग्रीहरू र सोधकार्यहरूलाई यहाँ उल्लेख गरिएको छ।

(क) हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार पारिएको **'प्रारम्भिक नेपाली शिक्षण'** (चौ.सं.२०५०) नामक पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणको, आवश्यकता, प्रारम्भिक तहमा लेखाइ शिक्षणका कार्यकलापहरू, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षकहरूमा चर्चा गरिएको छ।

(ख) मोहनराज शर्माको **शब्द रचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू** (२०५३) नामक पुस्तकमा अनुच्छेदलाई अभिव्यक्तिको माध्यम मान्दै अभिव्यक्ति शिक्षणअन्तर्गत राखिएको छ। यस पुस्तकमा अनुच्छेदलाई संयमित उडानको कला मानेर कुनै शीर्षक वा विषयबारे अनेक सुसम्बद्ध वाक्यको रचना गर्नु अनुच्छेद लेखन हो भनी चर्चा गरिएको छ।

(ग) केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको सहलेखनमा तयार पारिएको **'नेपाली भाषा र साहित्य शिक्षण'** (प्र.स.२०६०) मा पनि लेखनकला शिक्षण, लेखनकलाका प्रयोजन तथा कार्यकलापहरूमध्ये अनुच्छेदलेखनलाई उत्तरवर्ती कार्यकलापको महत्त्वपूर्ण क्रियाकलापको रूपमा स्वीकार गर्दै अनुच्छेद लेखनको सामान्य परिचय तथा शिक्षण तरिका उल्लेख गरिएको छ। यस पुस्तकमा कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो भनी यो संक्षिप्त र गहन हुनुपर्ने कुरा उल्लेख गरिएको पाइन्छ।

(घ) यादवप्रकाश लामिछानेद्वारा लिखित **'नेपाली भाषाशिक्षण परिचय'** (चौ.सं.२०६२) मा लेखाइ शिक्षण तथा यसको आवश्यकता र क्रियाकलापहरूको चर्चा गरिएको छ । यसमा लेखाइ शिक्षणका विविध कार्यकलापमा अनुच्छेदलेखनलगायत अन्य क्रियाकलापको उल्लेख गरिएको पाइन्छ । वाक्यात्मक तहभन्दा माथिल्लो एकाइको रूपमा रहेको अनुच्छेदमा विभिन्न वाक्यहरू सङ्गठित भएका हुन्छन् । यसबाट लेख्यक्षमता बुझ्न सजिलो पर्ने भएकाले अनुच्छेद लेखन कार्यकलाप गराउनु सबै दृष्टिकोणबाट फाइदाजनक हुन्छ भन्ने कुरा यस पुस्तकमा उल्लेख गरेको पाइन्छ ।

(ङ) रामचन्द्र लम्साल र अन्यको सहलेखनमा तयार पारिएको **'नेपाली भाषाशिक्षण'** (प्र.स.२०६३) नामक पुस्तकमा लिखित अभिव्यक्ति शिक्षण कार्यकलापको चर्चा गरिएको छ । यस अन्तर्गत अनुच्छेदलेखनलाई पनि लेखाइ सीप विकासको महत्त्वपूर्ण कार्यकलापको रूपमा स्वीकार गरिएको छ ।

(च) पारसमणि भण्डारी र अन्यको सहलेखनमा तयार पारिएको **साधारण नेपाली** (२०६६) नामक पुस्तकमा अनुच्छेद लेखनको परिचय, अनुच्छेदलेखने तरिका, अनुच्छेदका प्रकार तथा अनुच्छेदका नमुना दिई कुनै विषय वा शीर्षक बारेमा लेखिएका एकभन्दा बढी वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ भनी उल्लेख गरिएको छ ।

(छ) भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालको सहलेखनमा तयार पारिएको **नेपाली भाषाशिक्षण** (२०६७) नामक पुस्तकमा अनुच्छेदलेखनलाई लेखाइ शिक्षणको कार्यकलापअन्तर्गत राखिएको छ । कुनै पनि विषय दिएर त्यसका विषयमा एउटा अनुच्छेदलेखनुलाई अनुच्छेद लेखन भनिन्छ भनी अनुच्छेद लेखनका बारेमा यस पुस्तकमा उल्लेख गरिएको छ ।

(ज) शान्तिप्रसाद ढकालको **नेपाली भाषाशिक्षण परिचय र प्रयोग** (२०६७) नामक पुस्तकमा लेखाइ शिक्षणको उल्लेख गर्दै लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापअन्तर्गत अनुच्छेदलेखनलाई पनि समेटिएको छ । यस पुस्तकमा उनले वाक्यभन्दा माथिल्लो र अध्यायभन्दा तल्लो भाषिक एकाइलाई अनुच्छेद भनेका छन् र अनुच्छेदलेखनले निबन्ध लेखनको पूर्वाधार तयार पार्ने कुरा उल्लेख गरेका छन् ।

(झ) बुलबुला त्रिताल त्रि.वि.कीर्तिपुर(२०६६) को शोधपत्रमा लेखनसीपअन्तर्गतकै महत्त्वपूर्ण तथा अनुच्छेद लेखन अर्थात् अभिव्यक्ति क्षमताको अध्ययन गरिएको छ, यसमा मुख्यतः **धनकुटा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता**लाई अध्ययनको विषयवस्तु बनाई पहिलोभाषी विद्यार्थीका तुलनामा दोस्रोभाषी विद्यार्थीले बढी त्रुटि गरेको र छात्रको तुलनामा छात्राहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

(ञ) मीरा खत्री त्रि.वि. कीर्तिपुर (२०६६) द्वारा **गोर्खा जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा पनि निजी तथा सरकारी, मातृभाषी र विमातृभाषी, छात्र तथा छात्राहरूको अध्ययन गरी मातृभाषीभन्दा विमातृभाषी विद्यार्थीले अनुच्छेदलेखनमा बढी त्रुटि गरेका र छात्राहरूको तुलनामा छात्रहरू कमजोर रहेको देखाइएको छ ।

(ट) रमा सापकोटा त्रि.वि.कीर्तिपुर (२०६७) ले **काभ्रे जिल्लाका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** गरी सरकारी विद्यालयका विद्यार्थीभन्दा निजी विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको तथा छात्रहरूको तुलनामा छात्राहरू अगाडि रहेको देखाइएको छ ।

(ठ) शिबशंकर राय त्रि.वि.कीर्तिपुर (२०६८) द्वारा **रौतहट जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा पहिलोभाषी भन्दा दोस्रोभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो रहेको र छात्राहरूको तुलनामा छात्रहरूको क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

(ड) सविता सिंखडा त्रि.वि.कीर्तिपुर (२०६८) ले **धादिङ्ग जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन** गरी सरकारी विद्यालयभन्दा निजी विद्यालयका विद्यार्थीहरू अनुच्छेदलेखनमा अगाडि रहेका र छात्रको तुलनामा छात्राहरू केही अगाडि रहेको देखाइएको छ ।

(ढ) महेन्द्रदेव श्रेष्ठको (२०६८) को शोधपत्रमा लेखनसीपअन्तर्गत **कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन**मा निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूको क्षमताको तुलनात्मक अध्ययन

गरी सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको देखाइएको छ ।

यसरी विभिन्न पाठयपुस्तकका अतिरिक्त शोधपत्रहरूलाई समेत हेर्दा लेखक तथा शोधार्थीहरूले नेपाली भाषाशिक्षणअन्तर्गत लेखाइ सीपको विकासका बारेमा सङ्केतात्मक र सूचनात्मक रूपमा अध्ययन-अनुसन्धान गरे पनि प्रस्तुतकक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको नपाइएकाले प्रस्तुतअध्ययनमा विद्यार्थीहरूमा अनुच्छेद लेखनका माध्यामबाट स्वतन्त्रन तथा सिर्जनात्मक लेखनसम्बन्धी क्षमताको पहिचान गरी उक्त कार्यकलाप गराउँदा विद्यार्थीहरूले गर्ने कमीकमजोरीहरूको समेत पहिचान गरिने छ र सुधारका लागि आवश्यक सुझावहरू समेत प्रस्तुत गरिने भएकाले यो शोधकार्यको उपयोग अधिक मात्रामा हुने देखिन्छ ।

पूर्वकार्यको समीक्षा गर्दा यस शोधमा उल्लिखित प्राप्त सामग्रीहरूमा सीमित रही समीक्षा गर्ने प्रयत्न गरिएको छ। उपर्युक्त पूर्वकार्यको समीक्षाबाट हालसम्म लेखाइ शिक्षणसम्बन्धी कार्यकलापकहरू लेखाइको शुद्धिकरण, आभ्यासिक तथा निर्देशित लेखन, स्वतन्त्र लेखन, सिर्जनात्मक लेखनको मात्र अध्ययन भएको देखिन्छ। प्रस्तुतशोधपत्रमा उल्लिखित शीर्षकअन्तर्गतका समस्याहरूको समाधानतर्फ कुनै ठोस अनुसन्धान भएको पाईदैन। यसर्थ पूर्वकार्यले समेट्न नसकेको र यस शोधपत्रमा उल्लिखित समस्याहरूको समधानार्थ उक्त शोधशीर्षक चयन गरिएको हो ।

## १.६ अनुसन्धानको औचित्य

कुनै पनि विषय वस्तुको आफ्नै महत्त्व तथा औचित्य हुन्छ। त्यसैले लेखाइ सीपको विकासका लागि प्रमुख क्रियाकलापको रूपमा रहेको अनुच्छेद लेखन प्रक्रियामा पनि आफ्नै किसिमको महत्त्व रहेको हुन्छ। प्रारम्भिक तहका विद्यार्थीहरूको लेखाइसम्बन्धी प्रौढताको क्षमता पहिचान, वर्ण विश्लेषण विविध भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्न प्रस्तुतअध्ययन मार्गनिर्देशन बन्नेछ। पहिचान गरिएको क्षमताका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिने हुँदा यसको महत्त्व अझ बढी प्रष्ट हुनेछ। साथै सिन्धुली जिल्लामा चिठी निबन्ध सम्बन्धी शोधकार्य गरिए पनि हालसम्म अनुच्छेद

लेखन सम्बन्धी कुनै किसिमको अध्ययन अनुसन्धान नभएको हुँदा प्रस्तुतअध्ययन औचित्यपूर्ण रहने देखिन्छ ।

## १.७ अध्ययनको सीमा

हरेक अध्ययययनलाई आफ्नै सीमाभित्र बाँधिएको हुन्छ, जुनसुकै अध्ययनको क्षेत्र, परिवेश तथा सामग्रीको सम्भाव्यताको अध्ययन व्यापक हुनु स्वभाविक हो । तसर्थ कुनै पनि अध्ययनलाई निश्चित उद्देश्यप्रति केन्द्रित बनाउन त्यसलाई सीमाबद्ध गर्न आवश्यक हुन्छ, नत्र अध्ययनकर्ता अन्यौलमा पर्ने सम्भावना रहन्छ । त्यसैले यस अनुच्छेद लेखन अध्ययनलाई पनि सिन्धुली जिल्लाका सामुदायिक विद्यालयहरूलाई केन्द्रित गरी निम्न बुँदाहरूमा सीमाबद्ध गर्ने प्रयास गरिएको छ ।

(क) श्री जनज्योति उ.मा.वि. खुर्कोट

(ख) श्री दीर्घप्रदीप उ.मा.वि. खाल्टे

(ग) श्री पुष्प नि. मा.वि. बाराहा

(घ) श्री जनकल्याण नि.मा.वि. माथिल्लोवेसी

प्रस्तुतशोधपत्रको क्षेत्र माथि उल्लिखित विद्यालयहरूका २५/२५जना विद्यार्थीका दरले जम्मा १०० जना कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा मात्र केन्द्रित रहेको छ । अध्ययनको निष्कर्ष निर्धारित नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा गरिएको साङ्खिकीय तथ्याङ्क विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.८ अध्ययन विधि

अनुसन्धान कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउनका लागि यस अध्ययन मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ। जसमा निम्न प्रक्रिया अवलम्वन गरिएको छ ।

### १.८.१ जनसङ्ख्या र प्रतिनिधि

प्रस्तुतअध्ययनका लागि समग्र सिन्धुली जिल्लाको प्रतिनिधित्व हुने गरी ४ वटा सामुदायिक विद्यालयबाट २५/२५ जना विद्यार्थीहरूको दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ ।

### १.८.२ सामग्री निर्माण

प्रस्तुतअध्ययनका क्रममा सामग्री स्रोत निर्माण गर्दा प्राथमिक र द्वितीय सामग्री स्रोत निर्माण गरी अनुसन्धान गरिएको छ । जसअन्तर्गत विभिन्न शीर्षकहरू दिई अनुच्छेद लेखन लगाएर उत्तरपुस्तिका सङ्कलन गरिएको छ। साथै सन्दर्भपुस्तकहरू तथा अघिल्ला वर्षहरूका शोधपत्रहरूको खोजी गरी अध्ययन गरिएको छ ।

### १.८.३ पूर्व परीक्षण

कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको स्तर सुहाउने गरी कक्षा कोठामा नै शीर्षक चयन गराई पहिले अनुच्छेद लेखन सम्बन्धी जानकारी गराएर मात्र छनौट भएका शीर्षकहरूमा लेखन कार्य गराइएको छ ।

### १.८.४ सामग्री विश्लेषण

उपर्युक्त सामग्रीको विश्लेषणका निम्ति विद्यार्थीहरूको स्तरअनुसार तथ्याङ्कका आधारमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको पहिचान गरी व्याख्या विश्लेषण गरिएको छ । यसका लागि निम्न मध्यमान र प्रतिशताङ्क विधि अपनाइएको छ। साथै प्रश्नोत्तरलाई व्यक्तिमा परीक्षण गरी तालिकीकरण गरिएको छ । जसमा निम्नलिखित सूत्रलाई उपयोगमा ल्याइएको छ ।

प्रतिशताङ्क Percentes

$P = \underline{R \times 100}$

**यहाँ,** **T**

**P=** प्रतिशताङ्क

**R=** प्राप्ताङ्क

**T=** कूल पूर्णाङ्क

### १.९ शोधको रूपरेखा

**अध्याय- एक:** शोधको परिचय

**अध्याय- दुई:** अध्ययनको सैद्धान्तिक अवधारणा

**अध्याय- तीन:** व्याख्या र विश्लेषण

**अध्याय- चार:** तुलनात्मक अध्ययन

**अध्याय- पाँच:** निष्कर्ष र सुझाव

**सन्दर्भग्रन्थ सूची**

**परिशिष्ट**

**व्यक्तिगत विवरण**

# अध्याय- दुई
# अनुच्छेदको सैद्धान्तिक अवधारणा

## २.१ परिचय र परिभाषा

कुनै पनि विषय शीर्षकमा आधारित रहेर लेखिएको दुई वा दुईभन्दा बढी वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ। विभिन्न वाक्यहरूको संयोजन हुने भए पनि एक अनुच्छेदमै पूर्ण हुने भाषिक प्रस्तुति अनुच्छेद हो। यसको कुनै पनि आकार प्रकार हुँदैन र यो विद्यार्थीको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित रहन्छ। मौलिक सिर्जनात्मक लेखनसँग सम्बन्धित यसमा कुनै पनि विषय वस्तुको वर्णनको सिलसिलेवार प्रस्तुति हुन्छ। अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै अनुच्छेद लेखनको विषेशता भएको हुनाले यसको अभिप्राय कुनै पनि वस्तु, घटना वा अनुभवका आधारमा कुनै पनि विषय वा शीर्षकमा केन्द्रित भई एक अनुच्छेद लेखन लगाउनु हो। अनुच्छेद सङ्कथन वा अभिव्यक्तिको वाक्यभन्दा माथिल्लो भाषिक अभिव्यक्ति भएकाले एकभन्दा बढी वाक्यहरूको विस्तारको सङ्केत पहिलो पङ्क्तिमा छोडिने खाली ठाउँले गर्दछ।

अनुच्छेद लेखन भन्नाले कुनै विषयवस्तुमा आधारित भई सिलसिलाबद्ध रूपमा लेखिने कार्यलाई बुझाउँछ। जुनसुकै विषय क्षेत्रसँग सम्बन्धित रहेर आफूले व्यक्त गर्नुपर्ने कुरालाई सङ्गठित बनाएर सिलसिलागत रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ। हुन त माथिल्ला कक्षाका तुलनामा तल्ला कक्षाहरूमा केही सङ्गठित अभिव्यक्ति नहुन पनि सक्छ; तर प्राथमिक तहदेखि नै विभिन्न शीर्षकहरू दिई अनुच्छेद लेखन कार्य गराइयो भने जतिजति माथिल्लो कक्षामा गयो उतिउति यसमा सुधार हुँदै जान्छ। यसको आकार-प्रकार नहुने भएको कारण चार पाँच कक्षादेखि नै गाई, मेरो परिवार, मेरो विद्यालयजस्ता शीर्षकहरू दिई दुई-चार वाक्यहरू लेख्न लगाउन सकिन्छ। एउटै प्रसङ्गका कुरालाई क्रमवद्ध रूपमा प्रस्तुत गरिने अनुच्छेद लेखनमा दुई चार वाक्यदेखि पन्ध्र-वीस वाक्यसम्मको लिखित अभिव्यक्ति हुन्छ। अनुच्छेद लेखनमा शीर्षकलाई एक प्रवाहमा फैलाएर व्याख्या गर्ने अर्थ्याउने, पुष्टि गर्ने आदि कार्य गरिने भएकाले यो एक अनुच्छेदमा विस्तारित गरिने औचित्यपूर्ण गद्यरचना हो। खास अभिव्यक्तिको शृङ्खलावद्ध र पारस्पारिक सापेक्षतामा अभिव्यक्त विभिन्न स-साना वाक्यहरूको सङ्गठित एकाईगत भाषिक संरचना नै अनुच्छेद हो। त्यसैले अभिव्यक्तिको

अन्त्यसगै अनुच्छेद लेखन पनि अन्त्य हुनेहुँदा एकै अनुच्छेदमा लेखिए पनि यो आफैंमा पूर्ण हुन्छ ।

अनुच्छेदमा विभिन्न भाव प्रसङ्गका कुराहरू नजिकरहँदै आउँछन् । एकै भाव र विषयका धेरै वाक्य क्रम नटुटिकन एउटै ठाउँमा आए त्यस्ता वाक्यहरूको समष्टि अनुच्छेद हो । यस्तो अनुच्छेदले एक किसिमको विश्राम वा अडानको सङ्केत पनि आउँछ (पराजुली, २०५३: २०५) । विभिन्न विद्वानहरूको अनुच्छेदसम्बन्धी परिभाषाहरूलाई केलाउँदा निम्न निष्कर्षहरू समेट्न सकिन्छ :

अनुच्छेदलेखनले धेरै वाक्यक्रमहरूको समष्टिगत विश्राम तथा अडानलाई प्रतिनिधित्व गर्दछ । अनुच्छेद भन्नाले दुई वा दुईभन्दा वढी वाक्यहरू मिलेर बनेको छोटो संरचनागत भाषिक एकाइलाई अनुच्छेद भनिन्छ । संक्षिप्त प्रस्तुतहिने यस लेखमा कुनै विषयसु-सम्वद्ध विविध वाक्यहरूको संयोजन गरिएको हुन्छ ।

अनुच्छेदका बारेमा विभिन्न विद्वानहरूले आ - आफ्नै तरिकाले विचारहरू व्यक्त गरेका छन्:

जसमध्ये केही विद्वानहरूका अनुच्छेदसम्बन्धी परिभाषाहरू यस प्रकार छन् -

१. "वाक्यभन्दा माथिल्लो अभिव्यक्तिको एकाइ अनुच्छेद हो । यसमा स-साना वैचारिक एकाइका रूपमा अभिव्यक्त वाक्यहरू पारस्परिक सापेक्षतामा सङ्गठित भएका हुन्छन् । एक वाक्य अर्को वाक्यको सापेक्षतामा खास विचारको शृङ्खला लिई आवद्ध हुँदै गएको हुन्छ ।" - हेमाङ्गराज अधिकारी

२. "एक वा एकभन्दा वढी वाक्यहरू मिलेर बनेको वाक्यभन्दा ठूलो एकाईलाई अनुच्छेद भनिन्छ ।" - मोहनराज शर्मा

३. "कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकार-प्रकार विद्यार्थीहरूको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित रहन्छ । जति माथिल्लो कक्षामा गयो, उति यसको आकार बढ्दै जान्छ । अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै यसको विशेषता हो ।" -केदारप्रसाद शर्मा र माधव प्रसाद पौडेल

४. "कमभन्दा कम वाक्यहरूको समूहबाट केही कुरो व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटि वा अभिव्यक्ति खण्ड हो ।

यसले लेख वा प्रबन्धका बुँदाहरूमध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ।"

-नेपाली बृहत शब्दकोश

५. "वाक्यभन्दा माथिल्लो र अध्यायभन्दा तल्लो भाषिक एकाइ अनुच्छेद हो। अनुच्छेद विभिन्न लम्बाईका भएतापनि विद्यालय स्तरको अनुच्छेद ५-७ हरफसम्म लामो हुनु स्वभाविक मानिन्छ।" -शान्तिप्रसाद ढकाल

६. "कुनै लेख वा रचनाको एक खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाईका आधारमा छुट्टिएको हुन्छ। गद्य अभिव्यक्तिको एक अंश वा एउटा अखण्डित, सिङ्गो, छोटो गद्यात्मक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ।"

-प्रयोगात्मक नेपाली शव्दकोश

७. "कुनै निश्चित भाव वा विचारलाई क्रमवद्ध एवम् स्वतन्त्र रूपले एक अनुच्छेदमा मात्र विस्तार गरी लेखिने छोटो लेखलाई अनुच्छेद रचना भनिन्छ। अनुच्छेद रचनाको मूल अभिप्राय एउटा अनुच्छेदमा समष्टि अभिव्यक्ति र संक्षिप्त एवम् पूर्ण रचना गर्नु हो। एउटै अनुच्छेदमा संक्षिप्त एवम् पूर्ण विषय समाग्री प्रस्तुत गरिने हुँदा यसलाई संक्षिप्त रचनाकला पनि भनिन्छ।"

-गोपीकृष्ण काफ्ले

८. "अनुच्छेद लेखनको अभिप्राय के हो भने कुनै वस्तु, घटना वा अनुभवका आधारमा कुनै विषय वा शीर्षकमा केन्द्रित भई एक अनुच्छेद लेखन लगाउनु हो। वाक्यात्मक तहभन्दा माथिल्लो एकाइका रूपमा रहेको अनुच्छेदमा विभिन्न वाक्यहरू सङ्गठित भएका हुन्छन्। यसको कुनै निश्चित आकार नभई विद्यार्थीको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित रहने हुनाले जति माथिल्लो कक्षामा गयो, उति यसको फैलावट हुँदै जान्छ।"

-यादवप्रकाश लामिछाने

यसरी विभिन्न विद्वानहरूको परिभाषालाई हेर्दा समग्रमा के भन्न सकिन्छ भने दुई वा दुईभन्दा बढी वाक्यहरू मिलेर बनेको संक्षिप्त संरचनात्मक भाषिक एकाइ नै अनुच्छेद हो। यसलाई छोटो गद्यात्मक अभिव्यक्तिको रूपमा लिन सकिन्छ। यसमा विभिन्न वाक्यहरूको कुशल संयोजन हुन्छ र वाक्यहरू एक अर्कासँग अर्थतात्विक रूपले गाँसिएका हुन्छन्।

यो वाक्यभन्दा माथिल्लो एकाइ हो। यो एक अनुच्छेदमा लेखिन्छ। अभिव्यक्तिगत संक्षिप्तता गहनता नै यसको विशेषता हो। अनुच्छेद लेखनलाई निम्नानुसार बुँदागत रूपमा लेख्न पनि सकिन्छः

१. वाक्यभन्दा माथिल्लो एकाइ,

२. कुनै विषयमा एकरूपतापूर्वक गरिने वर्णन,

३. लेखनकला विकासको महत्त्वपूर्ण र आधारभूत कार्यकलाप,

४. वाक्य-वाक्यको मेलद्वारा निर्मित संक्षिप्त रचना,

५. छोटो, छरितो, गद्यात्मक लेखन, जसमा व्यक्तिगत संक्षिप्तता र गहनता हुने,

६. कुनै लेख वा रचनाको एक खण्ड,

७. विचारलाई सरल र सहज तरिकाले प्रकट गर्ने माध्यम,

८. अध्यायभित्रको उपअध्याय,

९. सिर्जनात्मक र मौलिक लेखनमा सहयोगी,

१०. सबै तहमा उपयुक्त हुने कार्यकलाप,

११. संयमित उडानको कला,

१२. संक्षिप्त रूपले आदि, मध्य र अन्त्यको तारतम्य मिलेको रचना,

१३. भाषिक शुद्धतामा सहयोगी,

१४. वर्णविन्यासीय र व्याकरणगत त्रुटी निराकरणमा सहयोगी,

१५. विविध क्षेत्रबाट विषय शीर्षक छनौट गरी लेख्न सकिने लिखित माध्यम ।

निष्कर्षमा भन्दा समसायिक, काल्पनिक वा कुनै पनि विषयवस्तुमा छोटो, छरितो, कसिलो तथा गहन रूपमा विभिन्न वाक्यहरू एक-अर्कामा सङ्गठित गर्दै लेखिएको गद्यात्मक लेखलाई अनुच्छेद भनिन्छ। यो छोटो र संक्षिप्त भए पनि आफैँमा पूर्ण हुन्छ। अनुच्छेद लेखन लेखाइ सीपको आधार भएकाले लेखाइ सीपसँग सम्बन्धित जुनसुकै कार्यकलापमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ। यसबाट मौलिक लेखन तथा सिर्जनात्मकताको विकास हुन्छ। यसको निरन्तर अभ्यासबाट वर्णविन्यासीय एवम् व्याकरणात्मक त्रुटिहरूको निराकरण गर्न सकिन्छ, साथै स्वतन्त्र लेखनमा पनि यसले सहयोग पुऱ्याउँछ।

## २.२ अनुच्छेद लेखनको प्रयोजन

अनुच्छेद लेखनको प्रमुख उद्देश्य भन्नु नै लेखन सीप विकासमा सहयोग पुऱ्याउनु हो । अनुच्छेद लेखन लेखाइ सीपको आधार भएकाले लेखन सीपसँग सम्बन्धित विभिन्न कार्यकलाप कथा लेखन, निबन्ध लेखन, चिठी लेखन, प्रतिवेदन लेखन आदिमा यसले सहयोग पुऱ्याउँछ । वर्णविन्यासीय तथा व्याकरणिक त्रुटीहरूको निराकरणहरूमा सहयोग पुऱ्याउनु पनि यसको अर्को उद्देश्य हो । अनुच्छेद लेखनको निरन्तर अभ्यासबाट लेखाइ सीपको विकास मात्र नभई अन्य भाषिक सीप एवम् क्षमताको समेत विकास हुन्छ । यसबाट विभिन्न किसिमका साहित्यिक तथा साहित्येत्तर रचनाहरू स्तरीय रूपमा लेख्नसक्ने सीपको विकास हुन्छ । अनुच्छेद लेखनको अभ्यासबाट विभिन्न विषय शीर्षकहरूमा भिन्नभिन्न तरिकाले फरकफरक अभिव्यक्ति शैलीमा लेख्ने सीपको विकास हुनेहुँदा यसले विद्यार्थीको लेखनकला र शैलीको विकासमा सघाउ पुऱ्याउँदछ (सुवेदी,२०६१:१७८) । संयमित, सन्तुलित, मौलिक र स्वतन्त्र लेखन गर्ने सीप प्रदान गर्नु पनि अनुच्छेद लेखनको महत्त्वपूर्ण प्रयोजन हो ।

अनुच्छेद लेखनको उद्देश्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

१. कुनै पनि विषयक्षेत्र वा शीर्षकलाई लिएर आफ्ना विचार वा भावलाई मौलिक, स्वतन्त्र, सहज र संक्षिप्त रूपमा प्रस्तुत गर्न सक्ने क्षमताको विकास गराउनु,
२. कुनै विषयका बारेमा स्वतन्त्र ढङ्गले चिन्तनमनन गर्ने क्षमताको विकास गर्नु,
३. कुनै विषय वा शीर्षकका बारेमा आफूले सुनेका जानेका वा अनुभव गरेका कुराहरूलाई सन्दर्भ नटुटाइकन शृङ्खलाबद्ध रूपमा पूर्ण अभिव्यक्ति दिन सक्ने क्षमताको विकास गर्नु,
४. लेखाइमा शुद्धता, स्पष्टता र स्तरीयता ल्याउन सहयोग गर्नु,
५. विद्यार्थीको लेखनमा निखारता र प्रौढताको विकास गर्नु,
६. व्याकरणगत र विर्णविन्यासीय त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउनु,
७. अनुच्छेद लेखनका माध्यमबाट अन्य लेखनमा सहयोग पुऱ्याउनु आदि ।

## २.३ अनुच्छेदका प्रकारहरू

अनुच्छेदहरू विभिन्न शैली र ढाँचामा खेखिन्छन् । विषय, प्रसङ्ग र सन्दर्भका आधारमा अनुच्छेदलेखनमा विविधता पाइन्छ । विभिन्न शैली र अभिव्यक्तिका आधारमा

विभिन्न विद्वानहरूले अनुच्छेदका प्रकारहरूको उल्लेख गरेका छन् । कृष्णहरि बराल र नेत्र एटमले लेखनको शैलीलाई आधार बनाएर अनुच्छेदलाई आत्मपरक, वस्तुपरक, आख्यानात्मक, तार्किक, भावानात्मक, विश्लेषाणात्मक, आलङ्कारिक र व्याङ्ग्यात्मक गरी ८ भागमा वर्गीकरण गरेका छन् । त्यसै गरी मोहनराज शर्माले '**शब्द रचना र वर्णविन्यास वाक्यतत्त्वमा अभिव्यक्ति र पाठहरू**' नामक पुस्तकमा आत्मपरक, वस्तुपरक, आख्यानात्मक, तार्किक, भावमय, विश्लेषाणात्मक र आलङ्कारिक गरी अनुच्छेदका सात प्रकारको उल्लेख गरेका छन् । रामप्रसाद ज्ञावली र रमेशप्रसाद भट्टराईले पनि **अनिवार्य नेपाली** (१०+२) पुस्तकमा अनुच्छेदको सातवटै प्रकारको उल्लेख गरेका छन् । साथै हरिप्रसाद पराजुलीले र तुलसीमान श्रेष्ठले **अनिवार्य नेपाली** (१०+२) पुस्तकमा अनुच्छेदको सातवटै प्रकारको उल्लेख गरेका छन् । उनीहरूले व्यङ्ग्यात्मकबाहेक अन्य ७ वटा अनुच्छेदको उल्लेख गरेका छन् ।

यसरी विभिन्न विद्वानहरूले अनुच्छेदको विभाजन गरेअनुसार समग्रमा यसका प्रकारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

### २.३.१ वस्तुपरक अनुच्छेद

विषयवस्तुलाई सुस्पष्ट पार्न तयार पारिएको क्रमबद्ध वर्णनलाई वस्तुपरक अनुच्छेद भनिन्छ । कुनै निश्चित शीर्षकलाई अनुच्छेद लेखनको विषय बनाई त्यसैसँग सम्बन्धित वास्तविक सत्य-तथ्य कुराहरूको वर्णन गरी लेखिने अनुच्छेद वस्तुपरक अनुच्छेद हो । यसमा शीर्षकलाई केन्द्रबिन्दु बनाई वर्णनात्मक शैलीमा त्यसको व्याख्या गरिएको हुन्छ । यसमा भाव वा विचारलाई त्यति महत्त्व दिईदैन । यसमा कुनै पनि ज्ञान वा सूचना सञ्चार गर्ने उद्देश्य राखेर सिलसिलाबद्ध ढङ्गले विषय शीर्षकको वर्णन गरिन्छ ।

### २.३.२ आत्मपरक अनुच्छेद

प्रथम पुरुष शैलीमा लेखिएको अनुच्छेदलाई आत्मापरक अनुच्छेद भनिन्छ । यसमा निश्चित विषयलाई लिएर आफ्ना मनमा लागेका कुराहरूलाई म, हामी, आफू जस्ता सर्वनामका माध्यमबाट विचार अभिव्यक्त गरिएको हुन्छ । आत्मपरक अनुच्छेद आत्मगत ढङ्गमा लेखिन्छ ।

### २.३.३ तार्किक अनुच्छेद

तर्कलाई केन्द्र बनाएर त्यसको पुष्टि गर्ने ढङ्गले लेखिएको अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ। तार्किक अनुच्छेदमा प्रस्तुत गरिएका प्रसङ्गहरूलाई पुष्टि गर्न तर्कहरूको मद्दत लिइन्छ। यस्ता अनुच्छेदहरू तर्कपूर्ण वाक्यहरूले सजिएका हुन्छन्। यसमा वौद्धिक, गहकिला र ओजपूर्ण विचारहरूलाई तार्किक शैलीमा प्रस्तुत गरिन्छ। कुनै विषय वा शीर्षकका बारेमा तर्कपूर्ण अभिव्यक्ति दिएको अनुच्छेद तार्किक अनुच्छेद हो।

### २.३.४ आख्यानात्मक अनुच्छेद

चरित्र वा घटनाको सिलसिलेवार प्रस्तुति रहेको कथात्मक अनुच्छेदलाई आख्यानात्मक अनुच्छेद भनिन्छ। यसमा कुनै एक विषय वा घटनालाई सिलसिला मिलाएर कथानक ढङ्गले प्रस्तुत गरिन्छ। यो कथात्मक शृङ्खलाले भरिएको किस्साले युक्त हुन्छ।

### २.३.५ भावपरक अनुच्छेद

कल्पनालाई भावुक शैलीमा प्रस्तुत गरिएको अनुच्छेदलाई भावपरक अनुच्छेद भनिन्छ। यस्तो अनुच्छेदलाई भावमय वा भावात्मक अनुच्छेद पनि भनिन्छ। कुनै विषय वा शीर्षकलाई केन्द्रबिन्दु बनाई काल्पनिक ढङ्गले प्रस्तुत गरिने अनुच्छेद भावपरक अनुच्छेद हो। भावनालाई केन्द्र बनाएर भावुक ढङ्गमा लेखिएको अनुच्छेद भावपरक अनुच्छेद हो। यसमा भाव पक्ष प्रवल हुन्छ।

### २.३.६ विश्लेषणात्मक अनुच्छेद

विषयको गहिराइमा पुगेर निष्कर्षतर्फ उन्मुख भएको अनुच्छेदलाई विश्लेषणात्मक अनुच्छेद भनिन्छ। कुनै एउटा विषयवस्तुका बारेमा राम्रा नराम्रा पक्षहरूको विश्लेषण गर्दै तथ्यपूर्ण निष्कर्ष समेत प्रस्तुत गरी लेखिने अनुच्छेद विश्लेषाणात्मक अनुच्छेद हो। यस्तो अनुच्छेद तथ्यलाई केन्द्र बनाएर केलाउने ढङ्गमा लेखिन्छ।

### २.३.७ आलाङ्कारिक अनुच्छेद

अलङ्कारको प्रयोग गरेर साहित्यिकता झल्कने ढङ्गमा लेखिएको अनुच्छेदलाई आलाङ्कारिक अनुच्छेद भनिन्छ। कुनै विषयवस्तुका बारेमा बर्णन गर्दा विभिन्न अलाङ्कारको प्रयोग गर्दै चमत्कारपूर्ण शैलीमा लेखन अभिव्यक्ति दिइन्छ भने त्यसलाई आलाङ्कारिक अनुच्छेद भनिन्छ। यस्तोअनुच्छेदको निर्माण गर्दा शब्दालङ्कार र अर्थालङ्कारका साथै विम्ब र प्रतीकको समेत प्रयोग गरिएको हुन्छ ।

### २.३.८ व्यङ्ग्यात्मक अनुच्छेद

विषयवस्स्तुमाथि केन्द्रित रहेर शिष्ट घोचपेच गरी लेखिने अनुच्छेदलाई व्यङ्ग्यात्मक अनुच्छेद भनिन्छ । यस्तो अनुच्छेदमा अभिव्यक्त विचारलाई घुमाउरो तरिकाले व्यङ्ग्यात्मक रूपमा प्रस्तुतगरिएको हुन्छ । कुनै विषयवस्तु वा शीर्षकप्रति व्यङ्ग्यभाव प्रकट गरी लेखिने अनुच्छेद व्यङ्ग्यात्मक अनुच्छेद हो ।

## २.४ अनुच्छेदको संरचना

आदि, मध्य र अन्त्यभागमा मिलेर अनुच्छेदको संरचना निर्माण हन्छ। यिनको संक्षिप्त चर्चा यहाँ प्रस्तत् गरिएको छ :

### २.४.१ आदि भाग

यो अनुच्छेद लेखनको प्रारम्भिक खण्ड हो । यस खण्डमा विषय शीर्षकसम्बन्धी एउटा परिचायत्मक वाक्य रहन्छ । यसमा शीर्षकको परिचय स्वरूप रहने गहन भावको एक वाक्यको शीर्षकलाई चिनाउने र त्यसको पुष्टि गर्ने गर्दछ। अनुच्छेदको आदि भाग शीर्षकसँग सम्बद्ध रहन्छ, जसले पृष्ठभमि वा भूमिकाको काम गर्दछ। यसलाई शीर्षक खण्डका रूपमा पनि लिईन्छ ।

### २.४.२ मध्य भाग

मध्य भाग अनुच्छेदको शरीर हो । यो भाग मुख्य वा केन्द्रीय भाग हो । यसमा प्रश्नको आवश्यकताअनुसार विषयको व्याख्या र विश्लेषण गरिन्छ। यस खण्डमा विषयवस्तुको बारेमा मुख्य क�रालाई विस्तार गरिन्छ । त्यसैले यस खण्डलाई विस्तार खण्ड

पनि भनिन्छ। परीक्षार्थीहरूले प्रस्तत गर्ने उत्तरका हिसाबले यस भागलाई ८/१० वाक्यहरूमा प्रस्तत गर्नुपर्ने हुन्छ।

### २.४.३ अन्त्य भाग

यस भागमा विषयको निचोड एक वाक्यमा लेखिन्छ र यो अनुच्छेदको अन्तिम वाक्य हुन्छ। अनुच्छेदको यस भागलाई उपसंहार पनि भनिन्छ, जसमा विषयवस्तुका बारेमा अन्तिम निष्कर्ष प्रस्तत गरिएको हुन्छ। यो खण्डलाई समापन खण्ड पनि भनिन्छ, जसअनुसार उपसंहारमा दिइने निष्कर्षसँगै अनुच्छेद टुङ्गिन्छ।

## २.५ अनुच्छेद लेखनका विधि र प्रक्रिया

अनुच्छेद लेखन कार्यमा विभिन्न किसिमका तरिका वा विधिहरू अपनाउन सकिन्छ। अनुच्छेद लेख्दा कुन विधि अपनाएर कसरी लेख्ने भन्ने कुराको जानकारी भए मात्र सही र सफल रूपमा अनुच्छेद लेखन लेख्न सकिन्छ। अनुच्छेद लेखनका क्रममा सुरुमा नमुनाहरू दिनु पर्दछ, त्यसपछि कुनै शीर्षक दिई छलफलद्वारा अनुच्छेद पूरा गरी देखाइदिनु पर्छ अनि कक्षा कार्यकलापको रूपमा विभिन्न शीर्षक तथा शैलीमा अनुच्छेद लेखनको अभ्यास गराउनु पर्दछ। थप अभ्यासका लागि गृहकार्य पनि गराउनु पर्दछ (शर्मा र पौडेल,२०६०:१२७)।

कुनै पनि विषय वा शीर्षकमा अनुच्छेद लेख्दा के-कसरी कस्तो विधि अपनाउने भन्ने बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमका धारणा वा अभिव्यक्तिलाई अघि सारेका छन्। हुनत कुनै पनि व्यक्तिले स्वतन्त्र ढङ्गले विषय शीर्षक छनौट गरी अनुच्छेद लेख्न सक्छ, तर उसले अनुच्छेद लेखनका निश्चत नियम तथा आदि, मध्य र अन्त्यको कुशल संयोजन गर्नुपर्ने जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्दछ। शिक्षकले विद्यार्थीको रुचि, आवश्यकता, उमेर, क्षमता आदिलाई ख्याल गरी कुनै एउटा विषय शीर्षक दिई निश्चित समयमा एक अनुच्छेद लेखन लगाउन सकिन्छ। यस्तो लेखन निर्देशित लेखन हुन सक्छ। अनुच्छेद लेखन कार्य निर्देशित वा स्वतन्त्र दुवै रूपमा गराउन सकिन्छ।

अनुच्छेद लेख्दा विभिन्न कुरामा ध्यान पुऱ्यायनु पर्छ। जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. शीर्षकका बारेमा मनन गरी विभिन्न बुँदा चयन गर्नुपर्दछ,

२. शीर्षक चयन गरी सकेपछि सम्बन्धित बुँदालाई कुन भागमा (आदि, मध्य र अन्त्य) राख्ने हो, निर्धारण गर्नु पर्दछ,

३. सबैभन्दा माथि शीर्षक लेखेर केवल एक अनुच्छेद लेख्ने,

४. अनुच्छेद लेखनको क्रममा निर्देशित शैलीलाई अपनाउने,

५. लेखनलाई क्रमवद्ध र पूर्ण बनाउने (बलराम र एटम, २०६४:१६३ ) ।

### २.५.१ अनुच्छेद लेख्ने तरिका

तोकिएको शीर्षक वा विषयबारे तोकिएकै प्रकारमा अनुच्छेद लेखन गर्न सामान्यतः निम्नलिखित तलिका अँगाल्न सकिन्छ :

१. शीर्षक वा विषयबारे राम्रो चिन्तन-मनन गर्ने । आफ्नो ज्ञान र सम्झनाको उपयोग गरी मनमनै बुँदा खोतल्ने र लेखनका लागि आवश्यक पर्नेजति बुँदाको चयन गर्ने ।

२. चयन गरिएका बुँदाहरू टिपी एक पटक शीर्षकसँग भिडाएर हेर्ने र तिनको वितरण आदि, मध्य र अन्त्य भाग गर्ने ।

३. सङ्गठित बुँदाहरू आत्मापरक बस्तुपरक आदि कुन प्रकारमा लेख्नुछ, त्यसप्रकारमा बुँदापिच्छे एक एक वाक्य लेखी खेस्रा तयार गर्ने ।

४. खेस्राको संसोधन र परिमार्जन गरी परिष्कार गर्ने र अन्तिम रूपको साफी गर्ने (शर्मा, २०५३:१८९) ।

### २.५.२ अनुच्छेद लेखन योजना

योजना भनेको कुनै पनि कार्यको पूर्वनिर्धारित खाका हो । जुनसुकै कार्य गर्नुपूर्व योजना निर्माण गर्नुपर्ने हुन्छ । योजनाबिनाको जुनसुकै कार्य अधुरो हुने हुँदा अनुच्छेद लेखनका क्रममा पनि योजना बनाउनु पर्दछ । योजना निर्माण गरी गरिएका कार्यहरूमा सफल, पूर्ण, प्रभावकारी र अपेक्षित उद्देश्यानुसार हुनसक्छ । त्यसैले अनुच्छेद लेख्दा देहाय बमोजिमका योजना बनाउनुपर्ने हुन्छ :

**१. विषय शीर्षकको छनौट**

सर्वप्रथम विषयको छनौट र रुचि भएको शीर्षकको छनोट गर्नु उपयुक्त हुन्छ। विषयहरू तेकिएका वा सीमित छन् भने तीमध्ये रुचि र ज्ञानको विषय छान्नु पर्छ।

**२. अभिव्यक्ति प्रकार वा शैली निर्धारण**

दिइएका विषय शीर्षकलाई कुन अभिव्यक्ति प्रकारमा लेख्ने हो, सोको निर्धारण गर्नु पर्दछ। कतिपय विषयशीर्षकको प्रकृतिले नै शैली अभिव्यक्ति निर्धारण गर्दछ। शीर्षकलाई भिन्नभिन्न अभिरुचि अभिव्यक्ति प्रकारमा पनि लेख्न सकिन्छ। अनुच्छेद लेख्दा जहिलेपनि आफ्नो विषयशीर्षकसँग सुहाउँदो अभिव्यक्ति शैली छनोट गर्नु उपयुक्त हुन्छ।

**३. बुँदाटिपोट र क्रम निर्धारण**

कुराहरू नदोहोरियुन र अघिपछि नपरुन भन्नका लागि विषयशीर्षकको छनोट गरिएको अभिव्यक्ति प्रकारका लागि उपयुक्त हुने मनमा आएका सम्पूर्ण बुँदाहरू सम्झनाको क्रममा नै टिप्नु पर्छ। त्यसपछि टिपिएका बुँदाहरू आदि, मध्यम र अन्त्य कुन क्रममा लेख्ने भन्ने कुराको निधो गर्नु पर्दछ। क्रम निर्धारण गरी सकेपछि अनुच्छेद लेखनको ढाँचामा उक्त बुँदाहरूलाई ढालेर पनि अनुच्छेद लेखनका लागि योजना बनाउन सकिन्छ।

**४. प्रारम्भिक लेखन (खेस्रा लेखन )**

अनुच्छेदमा राखिने विषयसम्बन्धी क्रम निर्धारण गरिएका बुँदाहरू आधारित भई आरम्भ, विकास र अन्त्य मिलाएर अनुच्छेदको प्रारम्भिक लेखन गर्नुपर्दछ।

**५. अन्तिम लेखन (साफी लेखन)**

प्रारम्भिक लेखनपछि भाषा शुद्ध छ-छैन भन्न खोजेको कुरा स्पष्ट क्रमबद्ध छ वा छैन, वाक्य-वाक्यका बीचमा परस्पर सम्बन्ध छ वा छैन, वाक्यगत विविधता छ वा छैन, रुचिपूर्ण छ वा छैन, जस्ता आधारमा लिखित अनुच्छेदको परीक्षण गर्नुपर्दछ। उपर्युक्त आधारमा परिष्कार र परिमार्जन गरी पुर्नलेखन वा साफी लेखन गरेर अनुच्छेदलाई अन्तिम रूप दिनु पर्दछ।

## २.६ लेखाइ सीप विकासमा अनुच्छेद लेखनको भूमिका

लेखाइ सीप विकासमा विभिन्न किसिमका कार्याकलापहरूको ठूलो भूमिका रहेको हुन्छ। सारांशलेखन, टिप्पणीलेखन, कथालेखन, चिठीलेखन, निबन्धलेखन, प्रतिवेदनलेखन आदि जस्ता लेखाइसीपसँग सम्बन्धित कार्यकलापहरूले लेखाइसीप विकासमा ठूलो सहयोग पुऱ्याउँछ। यस्ता कार्यकलापहरूमध्ये अनुच्छेद लेखन पनि एक महत्त्वपूर्ण कार्यकलाप हो।

कुनै विषय वा शीर्षकमा आवद्ध भएर त्यसको मूलभाव वा विचारलाई सिलसिलाबद्ध रूपमा निश्चित किसिमको शैलीमा एक अनुच्छेदमा व्यक्त गरिएका सृजनात्मक अभिव्यक्ति नै अनुच्छेद हो। अनुच्छेदलेखनलाई सीपको आधार मानिने हुनाले लेखाइसीपका जुनसुकै कार्यकलापलाई अनुच्छेदलेखनले सहयोग गर्दछ। निबन्धलेखन, कथालेखन, प्रतिवेदनलेखन आदिमा पोख्त हुनका लागि सर्वप्रथम अनुच्छेदलेखनमा पोख्तहुनु आवश्यक छ। यदि कुनै व्यक्ति अनुच्छेदलेखनमा निपूर्ण छैन भने उसले निबन्ध लेख्न सक्तैन। उसको निबन्ध लेख्ने प्रयास खेरमात्र जान्छ। त्यसैले लेखाइसीपका धेरैजसो कार्यकलाप गराउनुपूर्व अनुच्छेद लेखनको अभ्यास गराउनुपर्ने देखिन्छ।

अनुच्छेदलेखनले सिर्जनात्मक तथा स्वतन्त्र लेखनमा योगदान पुऱ्याउँछ। अनुच्छेद लेखनको माध्यमबाट मौलिक तथा सिर्जनात्मक लेखनको विकास हुन्छ। यसबाट विद्यार्थीहरूमा वर्णविन्यासीय एवम् व्याकरणगत त्रुटिहरूको पहिचान गरी तिनको समाधान खोज्न सजिलो हुन्छ। त्यसैगरी आदि, मध्य र अन्त्यको क्रमबद्ध एवम् सङ्गठनात्मक प्रस्तुतीमा पनि अनुच्छेदलेखनले सहयोग पुऱ्याउँछ। लेखेर नै जीविका चलाउन चाहने कलमजीविहरूका लागि पनि अनुच्छेदलेखनले ठूलो सहयोग पुऱ्याउँछ। कुनै पनि सन्दर्भमा वस्तु तथा चित्र वर्णन, अनुभव घटना तथा यात्रा वर्णन, मनोवादलेखन, चिठी, दैनिकी, कथा, निबन्धलेखनलगायत विभिन्न किसिमका स्वतन्त्र तथा निर्देशित लेखनमा अनुच्छेद लेखनको सकारात्मक भूमिका रहेको हुन्छ। अनुच्छेद लेखनको माध्यमबाट वाक्यगठन, विचारको सिलसिलेवारता तथा भाषिक शुद्धताको पक्षमा समेत सहयोग पुग्दछ।

सामान्यतया एउटा निबन्ध तथा लेखका लामा आकृतिमा पाइने विषयको समष्टि प्रस्तुतिको संक्षिप्त रूपमा एउटा अनुच्छेदमा नै घना रूपमा प्रयोग गर्न सकिने हुनाले लेखाइसीपमा अनुच्छेद लेखनको भूमिका विशिष्ट रूपमा रहेको हुन्छ। त्यसैले जुनसुकै तहका विद्यार्थीहरूलाई लेखाइ सीपको पूर्वाभ्यासका रूपमा अनुच्छेद लेखनको प्रयोग

गर्नुपर्दछ। अनुच्छेदलेखनमा सबै तहका विद्यार्थीहरूलाई निपूर्ण बनाउने हो भने लेखाइसीपका जुनसुकै कार्यकलापमा पनि विद्यार्थीहरू सक्षम हुने कुरामा दुईमत देखिँदैन ।

## २.७ सारांश

कुनै विषय वा शीर्षकमा आबद्ध भएर त्यसको बारेमा सिलसिला मिलाउँदै लेखिएको छोटो गद्यात्मक लेख अनुच्छेद हो । यसका आदि, मध्य र अन्त्य गरी तीनवटा भाग हुन्छ । लेखाइ सीपको विकास गराउनु नै अनुच्छेद लेखनको मूल प्रयोजन हो । अनुच्छेदहरू विभिन्न शैली र ढाँचामा लेखिन्छन् । समान्यतया वस्तुपरक, आत्मापरक, तार्किक, आख्यानात्मक, भावपरक, विश्लेषाणात्मक, आलङ्कारिक र व्यङ्ग्यात्मक गरी अनुच्छेद आठ प्रकारका हुन्छन् । अनुच्छेद लेख्दा विभिन्न विधि र तरिकाहरू अपनाउनुपर्ने हुन्छ । एउटा निबन्ध वा लेखका लामा आकृतिमा पाइने विषयको समष्टि प्रस्तुतिको संक्षिप्त रूप एउटा अनुच्छेदमा नै घना रूपमा प्रयोग गर्न सकिन्छ । एउटै अनुच्छेदमा लेखिने भएपनि यो आफैँमा पूर्णहुन्छ ।

## अध्याय- तीन

# तथ्याङ्कको विश्लेषण तथा तालिकीकरण

### ३.१. विषयप्रवेश

अनुच्छेद लेखन भन्नाले कुनै पनि विषय शीर्षकमा आधारित भएर सिलसिलाबद्ध रूपमा व्यक्त गरेको सृजनात्मक अभिव्यक्तिलाई बुझिन्छ । अनुच्छेद लेखनको पर्याप्त विकास र विस्तार गर्न, अध्यनीय तहका विद्यार्थीहरूको उक्त कार्यसम्बन्धी वास्तविकता पत्ता लगाउन, वस्तुगत विषयमा आफ्ना विचारहरू के–कति प्रकट गर्न सक्छन्, सङ्गठनात्मक अभिव्यक्ति क्षमता के-कस्तो छ भन्ने सन्दर्भमा विद्यार्थीको क्षमता पहिचान गरी त्यसको आधारमा प्रतिनिधि नमुना छनोट गरी अनुच्छेद लेखन गराइयो। यस क्रममा छनोट गरिएको विषयवस्तु तहअनुकुल वा उपयुक्त छ कि छैन भनी पत्ता लगाउन सर्वप्रथम श्री जनज्योति उच्च मा.वि. खुर्कोटका ५ जना विद्यार्थीहरूलाई **मेरो विद्यालय** र **गाई** शीर्षक दिएर अनुच्छेद लेखन गराई पूर्व परीक्षण गरियो । पूर्व परीक्षणपश्चात् चारवटै विद्यालयका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूमध्ये ३ वटा विद्यालयका ७५ जना विद्यार्थीहरूलाई **गाई** र श्री जनज्योति उ.मा.वि. का २५ जना विद्यार्थीहरूलाई **मेरो विद्यालय** शीर्षक दिई अनुच्छेद लेखन गराइयो । परीक्षणमा भाषिक शुद्धता, विषयवस्तुको प्रस्तुति तथा सङ्गठनात्मक अभिव्यक्ति जस्ता पक्षमा जोड दिइयो । परीक्षणबाट प्राप्त नतिजाका आधारमा अध्ययनको निष्कर्ष निकालियो ।

अनुच्छेद लेखनको पूर्व परीक्षण गर्ने क्रममा श्री जनज्योति उ.मा.वि. का कक्षा ५ मा अध्ययनरत विभिन्न जाति र भाषा भएका क्र.स. १, ५ ,९, १६, २२ का विद्यार्थीहरूमा परीक्षण गर्न प्रति विद्यार्थी १० पूर्णाङ्क कायम गरी **गाई** र **मेरो विद्यालय** शीर्षकमा अनुच्छेद लेखन लगाइयो। यसमा समग्र विद्यार्थीहरूले ३० अङ्क प्राप्त गरे। यसका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कको प्रतिशताङ्क ६० र मध्यमान ६ रहेको पाइन्छ। यस नतिजालाई विश्लेषण गर्दा ५ जना विद्यार्थीहरूमध्ये बहुमतले मध्यमानभन्दा बढी अङ्क प्राप्त गरेकाले पूर्वपरीक्षण सफल भएको देखिन्छ। यसका आधारमा अनुच्छेद लेखनका लागि तोकिएको शीर्षक उपयुक्त रहेको देखिन्छ।

### ३.१.१. तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण

अनुसन्धान कार्यलाई प्रभावकारी, व्यवहारिक र वैज्ञानिक बनाउन, यसको विधि र प्रक्रियालाई विश्वसनीयता र वैद्यताको कसीमा पुऱ्याउन, वस्तुगत ठोस एवम् व्यवहारिक बनाउन पूर्वपरीक्षणको आवश्यकता महसुस गर्दै यसैलाई मध्यनजर गरेर परीक्षणबाट प्राप्त प्राप्ताङ्कको समग्र प्रतिशताङ्क र मध्यमान निकालेर व्याख्या विश्लेषण गरिएको छ ।

जम्मा १०० जना विद्यार्थीको कूल पूर्णाङ्क १००० छ । र यहाँ कूल प्राप्ताङ्क ५३० रहेको छ । जसअनुसार समग्र विद्यार्थीहरूको प्रतिशताङ्क $\frac{५३०}{१०००} \times १००$

$\frac{\text{जम्मा प्राप्ताङ्क}}{\text{जम्मा पूर्णाङ्क}} \times १००\%$

**तालिका नं. १.**

| कूल विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क | मध्यमान |
|---|---|---|
| १०० | ५३ | ५.३ |

### ३.१.२. समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (प्रतिशताङ्क तालिकामा)

**तालिका नं. २.**

| **क.सं.** | **विद्यार्थीको नाम** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **प्रतिशताङ्क** |
|---|---|---|---|---|
| १ | अस्मिता कार्की | १० | ८ | ८० |
| २ | स्नेहा वस्नेत | १० | ८ | ८० |
| ३ | जुलिया थापा | १० | ८ | ८० |
| ४ | पुष्कर कार्की | १० | ७ | ७० |
| ५ | सङ्गीता श्रेष्ठ | १० | ६ | ६० |
| ६ | सनम श्रेष्ठ | १० | ६ | ६० |
| ७ | प्रदिप कार्की | १० | ७ | ७० |
| ८ | अनिश आचार्य | १० | ४ | ४० |
| ९ | हेमन्त श्रेष्ठ | १० | ५ | ५० |

| | | | | |
|---|---|---|---|---|
| १० | दिप्सिका पोखरेल | १० | ६ | ६० |
| ११ | मनिस वस्नेत | १० | ४ | ४० |
| १२ | रूपेश पोखरेल | १० | ४ | ४० |
| १३ | संञ्जिव श्रेष्ठ | १० | ७ | ७० |
| १४ | भुवन माझी | १० | ४ | ४० |
| १५ | कुशल थापा | १० | ४ | ४० |
| १६ | नेत्रहरी देवकोटा | १० | ६ | ६० |
| १७ | कल्पना श्रेष्ठ | १० | ७ | ७० |
| १८ | निशान्त देवकोटा | १० | ६ | ६० |
| १९ | ग्रिष्मा कार्की | १० | ५ | ५० |
| २० | अंकित कार्की | १० | ४ | ४० |
| २१ | तारा मैनाली | १० | ७ | ७० |
| २२ | प्रकाश परियार | १० | ५ | ५० |
| २३ | पुनम श्रेष्ठ | १० | ६ | ६० |
| २४ | सविन श्रेष्ठ | १० | ७ | ७० |
| २५ | सविता आचार्य | १० | ५ | ५० |
| २६ | समीक्षा दर्लामी | १० | ६ | ६० |
| २७ | सपना दर्लामी | १० | ७ | ७० |
| २८ | सुकु विसुङ्खे | १० | ३ | ३० |
| २९ | समीता दर्लामी | १० | ३ | ६० |
| ३० | सङ्गीता तोलाङ्गे | १० | ३ | ५० |
| ३१ | गीता तोलाङ्गे | १० | ५ | ३० |
| ३२ | बुद्धबहादुर तोलाङ्गे | १० | ३ | ५० |

| | | | | |
|---|---|---|---|---|
| ३३ | संगिता भुजेल | १० | ६ | ३० |
| ३४ | यादव श्रेष्ठ | १० | ६ | ६० |
| ३५ | कुमार रम्तेल | १० | ४ | ४० |
| ३६ | यादव तोलाङ्गे | १० | ५ | ५० |
| ३७ | झलकबहादुर मंग्राती | १० | ३ | ३० |
| ३८ | शान्ता विसुङ्खे | १० | ३ | ६० |
| ३९ | दीपक माझी | १० | ५ | ५० |
| ४० | तेजकुमारी तोलाङ्गे | १० | ३ | ३० |
| ४१ | शुशिला तोलाङ्गे | १० | ५ | ५० |
| ४२ | बम ब. भुजेल | १० | ३ | ३० |
| ४३ | मनिषा मंग्राती | १० | ३ | ३० |
| ४४ | इरोज तोलाङ्गे | १० | ६ | ३० |
| ४५ | रीता तोलाङ्गे | १० | ७ | ३० |
| ४६ | सरोज तिमल्सिना | १० | २ | २० |
| ४७ | लक्ष्मी तोलाङ्गे | १० | २ | २० |
| ४८ | रीता तिमल्सिना | १० | ५ | ५० |
| ४९ | कल्पना रम्तेल | १० | ४ | ४० |
| ५० | चेली मंग्राती | १० | २ | २० |
| ५१ | सचिनराज देवकोटा | १० | ६ | ६० |
| ५२ | सागर कार्की | १० | ६ | ६० |
| ५३ | नवीना कार्की | १० | ८ | ८० |
| ५४ | अनिता माझी | १० | ७ | ७० |
| ५५ | गीता आचार्य | १० | ६ | ६० |

| | | | | |
|---|---|---|---|---|
| ५६ | पूर्णलक्ष्मी कार्की | १० | ६ | ६० |
| ५७ | सविता परियार | १० | ४ | ४० |
| ५८ | पवित्रा परियार | १० | ५ | ५० |
| ५९ | स्वेता राय | १० | ६ | ६० |
| ६० | शोभा राई | १० | ६ | ६० |
| ६१ | सविना बानिया | १० | ४ | ४० |
| ६२ | विज्ञान श्रेष्ठ | १० | ४ | ४० |
| ६३ | पूजा श्रेष्ठ | १० | ८ | ८० |
| ६४ | सुजिता भण्डारी | १० | ६ | ६० |
| ६५ | श्याम ब. राई | १० | ४ | ४० |
| ६६ | ज्ञान ब. राई | १० | ४ | ४० |
| ६७ | सुजन साई | १० | ५ | ५० |
| ६८ | सुजन परियार | १० | ५ | ५० |
| ६९ | निरा योञ्जन | १० | ४ | ४० |
| ७० | दिलिप श्रेष्ठ | १० | ५ | ५० |
| ७१ | जस्मिना थापा | १० | ४ | ४० |
| ७२ | निर्जला श्रेष्ठ | १० | ४ | ४० |
| ७३ | सन्तोषी श्रेष्ठ | १० | ८ | ८० |
| ७४ | दीपक थापा | १० | ५ | ५० |
| ७५ | रजिश थापा | १० | ६ | ६० |
| ७६ | अस्मिता दर्लामी | १० | ८ | ८० |
| ७७ | सङ्गीता श्रेष्ठ | १० | ७ | ७० |
| ७८ | सागर श्रेष्ठ | १० | ६ | ६० |

| | | | | |
|---|---|---|---|---|
| ७९ | अस्मिता श्रेष्ठ | १० | ६ | ६० |
| ८० | अनुप देवकोटा | १० | ३ | ३० |
| ८१ | शुशिल कोइराला | १० | ६ | ६० |
| ८२ | दिलिकुमार श्रेष्ठ | १० | ७ | ७० |
| ८३ | बबेश देवकोटा | १० | ६ | ६० |
| ८४ | सुमन श्रेष्ठ | १० | ६ | ६० |
| ८५ | रमेश माझी | १० | ४ | ४० |
| ८६ | सन्तोष लामा | १० | ४ | ४० |
| ८७ | नविन देवकोटा | १० | ४ | ४० |
| ८८ | काजल राई | १० | ७ | ७० |
| ८९ | सुरज देवकोटा | १० | ७ | ७० |
| ९० | पूजा श्रेष्ठ | १० | ८ | ८० |
| ९१ | रामदाश माझी | १० | ५ | ५० |
| ९२ | युवक तमाङ्ग | १० | ७ | ७० |
| ९३ | अम्बिका भुजेल | १० | ७ | ७० |
| ९४ | शिवहरी थापा | १० | ५ | ५० |
| ९५ | सागर लामा | १० | ४ | ४० |
| ९६ | सपना देवकोटा | १० | ५ | ५० |
| ९७ | वविता राई | १० | ५ | ५० |
| ९८ | प्रमिला चौलागाइ | १० | ८ | ८० |
| ९९ | प्रकाश दवकोटा | १० | ४ | ४० |
| १०० | बाबुराम माझी | १० | ३ | ३० |


माथिको तालिकालाई विश्लेषण गर्दा ८० प्रतिशतभन्दा माथि प्राप्त गर्ने सङ्ख्या ९ रहेको छ। ६० प्रतिशतदेखि ८० प्रतिशत अङ्क प्राप्त गेर्ने विद्यार्थी सङ्ख्या ३७ रहेको छ। त्यसैगरी ४० प्रतिशतदेखि ६० प्रतिशत प्राप्त गर्ने वि.सं. ४० रहेको छ। भने ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या  १४ रहेको देखिन्छ। उक्त तलिकामा जम्मा १०० जना विद्यार्थीको कूल पूर्णाङ्क १००० छ र यहाँ कूल प्राप्ताङ्क ५३० रहेको छ जसअनुसार समग्र विद्यार्थीहरूको प्रतिशताङ्क ५३ रहेको छ र मध्यमान ५.३ हुन्छ। यसलाई हेर्दा ४६ जना विद्यार्थीको प्राप्ताङ्क मध्यमानभन्दा बढी देखिन्छ भने बाँकी ५४ जना विद्यार्थीको प्राप्ताङ्क मध्यमानभन्दा कम देखिन्छ। यहाँ ५४ प्रतिशतभन्दा बढी विद्यार्थीले मध्यमानभन्दा कम अङ्क प्राप्त गरेकाले अनुच्छेद लेखन क्षमता मध्यमखालको रहन गएको छ तसर्थ विद्यार्थीहरूले अनुच्छेद लेखनमा बढी मेहनत गर्नुपर्ने देखिन्छ।

### ३.१.३ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति तालिका र स्तम्भ चित्रमा)

**तालिका नं. ३**

| क.सं. | विवरण | विद्यार्थी सङ्ख्या | विद्यार्थीको प्रतिशत |
|---|---|---|---|
| १ | विशिष्ट | ९ | ९ |
| २ | उच्च | ३७ | ३७ |
| ३ | मध्यम | ४० | ४० |
| ४ | निम्न | १४ | १४ |
| ५ | जम्मा | १०० | १०० |

स्तम्भ चित्र नं. १





माथिको स्तम्भ चित्रअनुसार समग्र विद्यार्थीहरूका अनुच्छेद लेखन क्षमता हेर्दा विशिष्ट श्रेणीका ९ प्रतिशत, उच्च श्रेणीका ३७ प्रतिशत, मध्यम श्रेणीका ४० प्रतिशत र निम्न श्रेणीका १४ प्रतिशत रहेको देखिन्छ। कक्षा ५ को नमुना छनोटमा परेका विद्यार्थीहरूको क्षमता हेर्दा मध्यम श्रेणीमा ४० प्रतिशत विद्यार्थीहरु रहेकाले अनुच्छेद लेखन क्षमता सन्तोषजनक देखिन्छ।

## ३.१.४. समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (तालिका र वृत्त चित्रमा)

**तालिका नं. ४.**

| क्र.सं. | विवरण | विद्यार्थीको प्रतिशत | वृत्तको आधारमा प्राप्त डिग्री |
|---|---|---|---|
| १ | विशिष्ट | ९ | ३२.४ |
| २ | उच्च | ३७ | १३३.२ |
| ३ | मध्यम | ४० | १४४ |
| ४ | निम्न | १४ | ५०.४० |

**वृत्त चित्र नं. १.**




माथिको वृत्तचित्रमा कक्षा ५ मा अध्यनरत समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनलाई विश्लेषण गरी प्राप्त परिणामलाई ३६०° कोणको आधारमा प्रष्ट्याउन खोजिएको छ। जस अनुसार अनुच्छेद लेखन क्षमतामा विशिष्टमा ३२.४, उच्चमा १३३.२, मध्यममा १४४ र निम्नमा ५०.०४ रहेका देखिन्छन्। यसरी हेर्दा समग्रमा अनुच्छेद लेखन कार्य मध्यम खालको देखिन्छ।

## अध्याय- चार

# तुलनात्मक अध्ययन

### ४.१. विभिन्न विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

कक्षा पाँचमा अध्ययनरत विद्यर्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्ने सन्दर्भमा यस अनुसन्धानमा विद्यार्थीका अनुच्छेद लेखनसम्बन्धी सीप, दक्षता, क्षमता पत्ता लगाउने, सिर्जनात्मक मौलिक पक्षको पहिचान गर्ने तथा लेखन शैली पत्ता लगाउने प्रयास गरिएको छ ।यस क्रममा अघिल्लो अध्यायमा गरिएको व्याख्या विश्लेषणका आधारमा प्राप्त गणितीय तथ्याङ्कलाई तुलनात्मक अध्ययन गरी त्यसको विश्लेषण गरिएको छ ।

### ४.१.१ नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूबीच समग्र रूपमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन

प्रस्तुत अध्ययनमा मातृभाषी नेपाली विद्यार्थीहरुको संख्या जम्मा ५८  रहेको छ । उनीहरूको प्राप्ताङ्क २९३ र प्रतिशताङ्क ५०.५१ रहेको छ भने दास्रोभाषी विद्यार्थीहरूको संख्या ४२  रहेको छ। उनीहरूको प्राप्ताङ्क २३२ र प्रतिशताङ्क ५५.२३ रहेको छ। जसअनुसार

मातृभाषी विद्यार्थीको मध्यमान $\bar{X} \frac{\Sigma x}{N} = \frac{२९३}{५८}$ = [illegible] र प्रतिशताङ्क ५०.५१ रहेको छ। र


दोस्रोभाषी विद्यार्थीको मध्यमान $\bar{X} \frac{\Sigma x}{N} = \frac{२३२}{४२}$ = [illegible] र प्रतिशताङ्क ५५.२३ रहेको छ।

**नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनको स्थितिलाई तालिका र स्तम्भ चित्रमा तल देखाइएको छ :**

**तालिका नं. ५**

| क्र.सं. | तुलनात्मक समूह | विद्यार्थी सङ्ख्या | समग्र प्रतिशताङ्क | प्रतिशताङ्क | मध्यमान | समग्र मध्यमन |
|---|---|---|---|---|---|---|
| १ | नेपाली पहिलो भाषा | ५८ | ५३ | ५०.५१ | ५.०५ | ५.३ |
| २ | दोस्रो भाषा | ४२ | ५३ | ५५.२३ | ५.५२ | ५.३ |

**स्तम्भ चित्र नं. २**




माथिको तालिका र स्तम्भ चित्रलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थी संख्या ५८ भन्दा दोस्रोभाषी विद्यार्थी संख्या ४२ को  अनुच्छेद लेखन क्षमता उच्च रहेको छ । उल्लिखित तालिकामा ५८ जना मातृभाषी विद्यार्थीको कुल प्राप्ताङ्क २९३ रहेको र उनीहरूको मध्यमान ५.०५ र प्रतिशताङ्क ५०.५१ रहेको छ। दोस्रो भाषी विद्यार्थीको सङ्ख्या ४२ रहेको र कूल प्राप्ताङ्क २३२ रहेको छ भने उनीहरूले ५५.२३ प्रतिशत अङ्क प्राप्त गरेका छन्। र उनीहरूको मध्यमान ५.५२ रहेको छ।

**नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूबीच अनुच्छेद लेखन क्षमताको स्थिति तालिका र वृत्त चित्रमा तल देखाइएको छ :**

**तालिका नं. ६.**

| क.सं. | समूह | प्रतिशत | वृतको आधारमा प्राप्त डिग्री |
|---|---|---|---|
| १ | मातृभाषी | ५०.५१ | १७१.९६ |
| २ | दोस्रोभाषी | ५५.२३ | १८८.०४ |
| ३ | जम्मा | १०५.७४ | ३६० |

**वृत्त चित्र नं. २.**



माथिको वृत्त चित्र नं. २ मा नमुना छनोटमा परेका मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतालाई प्रतिशतमा ढाली सम्पूर्ण विद्याथीको प्राप्ताङ्कलाई उतार्ने कार्य गरिएको छ । उक्त वृत्तचित्रमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन विश्लेषण गरी प्राप्त परिणामलाई ३६०$^{\circ}$ कोणको आधारमा प्रष्ट पार्न खोजिएको छ । जसमा मातृभाषी विद्यार्थीहरूको १७१.९६ को तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको १८८.०४ ले दोस्रोभाषी विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ ।

४.१.२. नेपाली मातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनको स्थिति (प्रतिशताङ्क तालिकामा)

तालिका नं. ७

| क्र.स | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|---|
| १ | सचिनराज देवकोटा | १० | ६ | ६० |
| २ | सागर कार्की | १० | ६ | ६० |
| ३ | सुजन साही | १० | ५ | ५० |
| ४ | सुजन परियार | १० | ५ | ५० |
| ५ | दिपक थापा | १० | ५ | ५० |
| ६ | रजिस थापा | १० | ६ | ६० |
| ७ | नविना कार्की | १० | ८ | ८० |
| ८ | गीता आचार्य | १० | ६ | ६० |
| ९ | पूर्णलक्ष्मी कार्की | १० | ६ | ६० |
| १० | सविता परियार | १० | ४ | ४० |
| ११ | पवित्रा परियार | १० | ५ | ५० |
| १२ | सविना वानिया | १० | ४ | ४० |
| १३ | सुजिता भण्डारी | १० | ६ | ६० |
| १४ | जस्मीना थापा | १० | ४ | ४० |
| १५ | पुष्कर कार्की | १० | ७ | ७० |
| १६ | प्रदिप कार्की | १० | ७ | ७० |
| १७ | मनिष वस्नेत | १० | ४ | ४० |
| १८ | रुपेश पोखरेल | १० | ४ | ४० |
| १९ | कुशल थापा | १० | ४ | ४० |
| २० | नेत्रहरि देवकोटा | १० | ६ | ६० |
| २१ | निसान्त देवकोटा | १० | ६ | ६० |

| | | | | |
|---|---|---|---|---|
| २२ | अंकित कार्की | १० | ४ | ४० |
| २३ | प्रकास परियार | १० | ५ | ५० |
| २४ | अस्मिता कार्की | १० | ८ | ८० |
| २५ | स्नेहा वस्नेत | १० | ८ | ८० |
| २६ | जुलिया थापा | १० | ८ | ८० |
| २७ | दीप्सिका पोखरेल | १० | ६ | ६० |
| २८ | ग्रीष्मा कार्की | १० | ५ | ५० |
| २९ | तारा मैनाली | १० | ७ | ७० |
| ३० | सविता आचार्य | १० | ५ | ५० |
| ३१ | सपना देवकोटा | १० | ५ | ५० |
| ३२ | प्रमिला चौलागाई | १० | ८ | ८० |
| ३३ | अनुप देवकोटा | १० | ३ | ३० |
| ३४ | शुसिल कोइराला | १० | ६ | ६० |
| ३५ | ववेश देवकोटा | १० | ६ | ६० |
| ३६ | नविन देवकोटा | १० | ४ | ४० |
| ३७ | सुरज देवकोटा | १० | ७ | ७० |
| ३८ | प्रकास देवकोटा | १० | ४ | ४० |
| ३९ | शिवहरि थापा | १० | ५ | ५० |
| ४० | बुद्धबहादुर तोलाङ्गे | १० | ५ | ५० |
| ४१ | अनिस आचार्य | १० | ४ | ४० |
| ४२ | कुमार रम्तेल | १० | ४ | ४० |
| ४३ | यादव तोलाङ्गे | १० | ५ | ५० |
| ४४ | झलकबहादुर मंग्राती | १० | ३ | ३० |
| ४५ | इरोज तोलाङ्गे | १० | ३ | ३० |


| | | | | |
|---|---|---|---|---|
| ४६ | सरोज तिमल्सिना | १० | २ | २० |
| ४७ | सुकु विसुङ्खे | १० | ३ | ३० |
| ४८ | संगिता तोलाङ्गे | १० | ५ | ५० |
| ४९ | गीता तोलाङ्गे | १० | ३ | ३० |
| ५० | शान्ता विसुङ्खे | १० | ६ | ६० |
| ५१ | तेजकुमारी तोलाङ्गे | १० | २ | २० |
| ५२ | शुसिला तोलाङ्गे | १० | ५ | ५० |
| ५३ | मनिषा मंग्राती | १० | ४ | ४० |
| ५४ | रिता तिमल्सिना | १० | ५ | ५० |
| ५५ | कल्पना रम्तेल | १० | ४ | ४० |
| ५६ | रिता तोलाङ्गे | १० | ७ | ७० |
| ५७ | लक्ष्मी तोलाङ्गे | १० | ४ | ४० |
| ५८ | चेली मंग्राती | १० | २ | २० |

नेपाली मातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनको स्थितिलाई तालिका र स्तम्भ चित्रमा तल देखाइएको छ :

तालिका नं. ८

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विशिष्ट | ५ | ८.६२ |
| २ | उच्च | १७ | २९.३२ |
| ३ | मध्यम | २६ | ४४.८२ |
| ४ | निम्न | १० | १७.२४ |

**स्तम्भ चित्र नं. ३.**





माथिको तालिका र स्तम्भ चित्रलाई हेर्दा मातृभाषी नेपाली भएका जम्मा ५८ जना विद्यार्थीहरु मध्ये ५ विद्यार्थीहरूले विशिष्ट श्रेणीमा ८.६२ प्रतिशत उच्च श्रेणीमा १७ जना विद्यार्थीहरूले २९.३२ प्रतिशत मध्यम श्रेणीमा २६ जना विद्यार्थीहरुले ४४.८२ प्रतिशत र निम्न श्रेणीमा १० जना विद्यार्थीहरुले १७.२४ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

**यसलाई तालिका र वृत्त चित्रमा तल देखाइएको छ :**

**तालिका नं. ९.**

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत | वृत्तका आधारमा प्राप्त डिग्री |
|---|---|---|---|---|
| १ | विशिष्ट | ५ | ८.६२ | ३१.०३ |
| २ | उच्च | १७ | २९.३२ | १०५.५५ |
| ३ | मध्यम | २६ | ४४.८२ | १६१.३५ |
| ४ | निम्न | १० | १७.२४ | ६२.०६ |

वृत्त चित्र नं. ३.



माथिको वृत्तचित्रमा नेपाली मातृभाषी विद्यार्थीहरूले अनुच्छेदलेखनबाट प्राप्त गरेका नतिजालाई विश्लेषण गरी प्राप्त परिणामलाई वृत्तको ३६०$^{\circ}$ कोणको आधारमा प्रष्ट पार्न खोजिएको छ। यसमा मातृभाषी विद्यार्थीहरु मध्ये विशिष्ट श्रेणीमा ३१.३, उच्च श्रेणीमा १०५.५५, मध्यम श्रेणीमा १६१.३५ र निम्न श्रेणीमा ६२.०६ अङ्क प्राप्त गरेका छन् यसमा सबैभन्दा बढी अङ्क मध्यम श्रेणीका विद्यार्थीहरुले प्राप्त गरेका हुनाले यी विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता  मध्यमखालको रहेको छ।

### ४.१.३. नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनको स्थिति -प्रतिशताङ्क तालिकामा)

तालिका नं. १०

| क.स | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|---|
| १ | विज्ञान श्रेष्ठ | १० | ४ | ४० |
| २ | श्यामबहादुर राई | १० | ४ | ४० |
| ३ | ज्ञानबहादुर राई | १० | ४ | ४० |
| ४ | दिलिप श्रेष्ठ | १० | ५ | ५० |
| ५ | अनिता माझी | १० | ७ | ७० |
| ६ | स्वेता राय | १० | ६ | ६० |
| ७ | शोभा राई | १० | ६ | ६० |

| | | | | |
|---|---|---|---|---|
| ८ | पूजा श्रेष्ठ | १० | ८ | ८० |
| ९ | निरा योन्जन | १० | ४ | ४० |
| १० | निर्जला श्रेष्ठ | १० | ४ | ४० |
| ११ | सन्तोषी श्रेष्ठ | १० | ८ | ८० |
| १२ | हेमन्त श्रेष्ठ | १० | ५ | ५० |
| १३ | संजिव श्रेष्ठ | १० | ४ | ४० |
| १४ | भुवन माझी | १० | ४ | ४० |
| १५ | सविन श्रेष्ठ | १० | ७ | ७० |
| १६ | यादव श्रेष्ठ | १० | ६ | ६० |
| १७ | संगिता श्रेष्ठ | १० | ६ | ६० |
| १८ | सनम श्रेष्ठ | १० | ६ | ६० |
| १९ | कल्पना श्रेष्ठ | १० | ७ | ७० |
| २० | पुनम श्रेष्ठ | १० | ६ | ६० |
| २१ | अस्मिता दर्लामी | १० | ८ | ८० |
| २२ | संगिता श्रेष्ठ | १० | ७ | ७० |
| २३ | अस्मिता श्रेष्ठ | १० | ६ | ६० |
| २४ | काजल राई | १० | ७ | ७० |
| २५ | पूजा श्रेष्ठ | १० | ८ | ८० |
| २६ | अम्बिका भुजेल | १० | ७ | ७० |
| २७ | बविता राई | १० | ५ | ५० |
| २८ | सागर श्रेष्ठ | १० | ६ | ६० |
| २९ | दिलकुमार श्रेष्ठ | १० | ७ | ७० |
| ३० | सुमन श्रेष्ठ | १० | ६ | ६० |
| ३१ | रमेश माझी | १० | ४ | ४० |


| | | | | |
|---|---|---|---|---|
| ३२ | सन्तोष लामा | १० | ४ | ४० |
| ३३ | रामदाश माझी | १० | ५ | ५० |
| ३४ | रामबाबु माझी | १० | ३ | ३० |
| ३५ | युवक तमाङ | १० | ७ | ७० |
| ३६ | सागर लामा | १० | ४ | ४० |
| ३७ | दिपक माझी | १० | ५ | ५० |
| ३८ | वमबहादुर भुजेल | १० | ३ | ३० |
| ३९ | समिक्षा दर्लामी | १० | ६ | ६० |
| ४० | सपना दर्लामी | १० | ७ | ७० |
| ४१ | समिता दर्लामी | १० | ३ | ३० |
| ४२ | संगिता भुजेल | १० | ३ | ३० |

नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययनको स्थितिलाई तालिका र स्तम्भ चित्रमा तल देखाइएको छ :

तालिका नं.११.

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विशिष्ट | ४ | ९.५३ |
| २ | उच्च | २० | ४७.६१ |
| ३ | मध्यम | १४ | ३२.३३ |
| ४ | निम्न | ४ | ९.५३ |

**स्तम्भ चित्र नं. ४.**





माथिको स्तम्भ चित्र अनुसार विशिष्ट श्रेणीमा ४ जना विद्यार्थीहरुले ९.५३ प्रतिशत, उच्च श्रेणीमा २० जना विद्यार्थीहरुले ४७.६१ प्रतिशत, मध्यम श्रेणीमा १४ जना विद्यार्थीहरुले ३३.३३ प्रतिशत र निम्न श्रेणीमा ४ जना विद्यार्थीहरुले ९.५३ प्रतिशत अङ्क प्राप्त गरेका छन् । यसरी हेर्दा मातृभाषी विद्यार्थीहरुको तुलनामा  दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च श्रेणीमा राम्रो  रहेको देखिन्छ ।

**यसलाई तालिका र वृत्त चित्रमा अझ प्रष्ट पार्न खोजिएको छः :**

**तालिका नं. १२**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत | वृत्तको आधारमा प्राप्त डिग्री |
|---|---|---|---|---|
| १ | विशिष्ट | ४ | ९.५३ | ३४.३० |
| २ | उच्च | २० | ४७.६१ | १७१.३९ |
| ३ | मध्यम | १४ | ३२.३३ | ११९.९८ |
| ४ | निम्न | ४ | ९.५३ | ३४.३० |

वृत्त चित्र नं. ४.




माथिको वृत्तचित्रमा नमुना छनोटना परेका विद्यार्थीहरूले विशिष्ट श्रेणीमा ३४.३, उच्च श्रेणीमा १७१.३९,मध्यमश्रेणीमा ११९.९८ र निम्न श्रेणीमा ३४.३४ रहेको छ । यहाँ उच्च खालका विद्यार्थीहरूको क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.१.४. छात्र र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन

प्रस्तुतअध्ययनमा नमुना छनोटमा परेका ४९ जना छात्र र ५१ जना छात्राहरूको अनुच्छेद लेखन क्षमताको यहाँ अध्ययन गरिएको छ। अध्ययनअनुसार ४९ जना छात्रहरुको कूल प्राप्ताङ्क २४१ रहेको छ भने प्रतिशताङ्क ४९.१८ रहेको छ । त्यसैगरी ५१ जना छात्राहरुको कूल प्राप्ताङ्क २८९ रहेको छ भने प्रतिशताङ्क ५६.६६ रहेको छ। यसको मध्यमान निकाल्दा

छात्रको मध्यमान $\bar{X} \frac{\Sigma x}{N} = \frac{२४१}{४९} =$


छात्राको मध्यमान $\bar{X} \frac{\Sigma x}{N} = \frac{२८९}{५१} =$

छात्र र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययनलाई तालिका र स्तम्भ चित्रमा तल देखाइएको छ :

**तालिका नं. १३**

| क्र.सं. | तुलनात्मक समूह | सङ्ख्या | प्रतिशत | समग्र प्रतिशत | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|---|---|
| १ | छात्र | ४९ | ४९.१८ | ५३ | ४.९१ | ५.३ |
| २ | छात्रा | ५१ | ५६.६६ | ५३ | ५.६६ | ५.३ |
| ३ | जम्मा | १०० | १०० | | | |

**स्तम्भ चित्र नं:-५**





माथिको स्तम्भ चित्रबाट सामुदायिक विद्यालयका कक्षा ५ मा अध्ययनरत ४ वटा विद्यालयका १०० जना छात्र-छात्राहरूमध्ये  ४९ जना छात्र र ५१ जना छात्राबीच तुलनात्मक अध्ययन गरिएको छ। जसअनुसार ४९ जना छात्रको कूल प्राप्ताङ्क २४१, प्रतिशताङ्क ४९.१८ र मध्यमान ४.९१ रहेको छ। त्यसै गरी ५१ जना छात्राको कूल प्राप्ताङ्क २८९, प्रतिशताङ्क ५६.६६ र मध्यमान ५.६ रहेको छ। माथिको तालिका र स्तम्भ चित्रमा हेर्दा छात्रको तुलनामा छात्राहरूको अनुच्छेद लेखन क्षमताको स्थिति राम्रो देखिन्छ।

यसलाई तालिका र वृत्त चित्रमा अझ प्रष्ट पार्न खोजिएको छः :

तालिका नं. १४

| क्र.सं. | समूह | विद्यार्थी सङ्ख्या | प्रतिशत | वृत्तको आधारमा प्राप्त डिग्री |
|---|---|---|---|---|
| १ | छात्र | ४९ | ४९.१८ | १७६.२७ |
| २ | छात्रा | ५१ | ५६.६६ | १९२.७३ |

वृत्त चित्र नं. ५.




माथिको वृतका आधारमा विद्यार्थीहरूको परिणामलाई ३६०° कोणको आधारमा प्रष्ट पार्न खोजिएको छ । जसमा छात्रहरूको प्रतिशत १७६.२७ र छात्राहरूको प्रतिशत १९२.७३ रहेको छ ।

### ४.१.५ छात्रहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (प्रतिशताङ्क तालिकामा)

तालिका नं.१५

| क्र.स. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|---|
| १ | पुष्कर कार्की | १० | ७ | ७० |
| २ | हेमन्त श्रेष्ठ | १० | ५ | ५० |
| ३ | प्रदिप कार्की | १० | ७ | ७० |
| ४ | मनिष वस्नेत | १० | ४ | ४० |

| | | | | |
|---|---|---|---|---|
| ५ | रुपेश पोखरेल | १० | ४ | ४० |
| ६ | संजिव श्रेष्ठ | १० | ४ | ४० |
| ७ | भुवन माझी | १० | ४ | ४० |
| ८ | कुशल थापा | १० | ४ | ४० |
| ९ | नेत्रहरि देवकोटा | १० | ६ | ६० |
| १० | निशान्त देवकोटा | १० | ६ | ६० |
| ११ | अंकित कार्की | १० | ४ | ४० |
| १२ | प्रकाश परियार | १० | ५ | ५० |
| १३ | सविन श्रेष्ठ | १० | ७ | ७० |
| १४ | अनिश आचार्य | १० | ४ | ४० |
| १५ | सागर श्रेष्ठ | १० | ६ | ६० |
| १६ | अनुप देवकोटा | १० | ३ | ३० |
| १७ | शुसिल कोइराला | १० | ६ | ६० |
| १८ | दिलिपकुमार श्रेष्ठ | १० | ७ | ७० |
| १९ | ववेश देवकोटा | १० | ६ | ६० |
| २० | सुमन श्रेष्ठ | १० | ६ | ६० |
| २१ | रमेश माझी | १० | ४ | ४० |
| २२ | सन्तोष लामा | १० | ४ | ४० |
| २३ | नविन देवकोटा | १० | ४ | ४० |
| २४ | सुरज देवकोटा | १० | ७ | ७० |
| २५ | रामदाश माझी | १० | ५ | ५० |
| २६ | प्रकाश देवकोटा | १० | ४ | ४० |
| २७ | रामबाबु माझी | १० | ३ | ३० |
| २८ | युवक तमाङ | १० | ७ | ७० |

| | | | | |
|---|---|---|---|---|
| २९ | शिवहरि थापा | १० | ५ | ५० |
| ३० | सागर लामा | १० | ४ | ४० |
| ३१ | बुद्धबहादुर तोलाङ्गे | १० | ५ | ५० |
| ३२ | यादव श्रेष्ठ | १० | ६ | ६० |
| ३३ | कुमार रम्तेल | १० | ४ | ४० |
| ३४ | यादव तोलाङ्गे | १० | ५ | ५० |
| ३५ | झलकबहादुर मंग्राती | १० | ३ | ३० |
| ३६ | दिपक माझी | १० | ५ | ५० |
| ३७ | बमबहादुर भुजेल | १० | ३ | ३० |
| ३८ | इरोज तोलाङ्गै | १० | ६ | ६० |
| ३९ | सरोज तिमल्सिना | १० | २ | २० |
| ४० | सचिनराज देवकोटा | १० | ६ | ६० |
| ४१ | सागर कार्की | १० | ६ | ६० |
| ४२ | विज्ञान श्रेष्ठ | १० | ४ | ४० |
| ४३ | श्यामबहादुर राई | १० | ४ | ४० |
| ४४ | ज्ञानबहादुर राई | १० | ४ | ४० |
| ४५ | सुजन साई | १० | ५ | ५० |
| ४६ | सुजन परियार | १० | ५ | ५० |
| ४७ | दिलिप श्रेष्ठ | १० | ५ | ५० |
| ४८ | दिपक थापा | १० | ५ | ५० |
| ४९ | रजिश थापा | १० | ६ | ६० |


छात्रहरूको अनुच्छेद लेखन क्षमताको स्थितिलाई तालिका र स्तम्भ चित्रमा

तल देखाइएको छ :

तालिका नं:-१६

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विशिष्ट | ० | ० |
| २ | उच्च | १७ | ३४.६९ प्रतिशत |
| ३ | मध्यम | २६ | ५३.०७ प्रतिशत |
| ४ | निम्न | ६ | १२.२४ प्रतिशत |

स्तम्भ चित्र नं:-६





प्रस्तुत तालिका र स्तम्भ चित्रलाई हेर्दा कक्षा ५ मा अध्ययनरत ४९ जना छात्रहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्दा विशिष्ट श्रेणीमा ० प्रतिशत, उच्च श्रेणीमा ३४.६९ प्रतिशत, मध्यम श्रेणीमा ५३.०७ प्रतिशत र निम्न श्रेणीमा १२.२४ प्रतिशत छात्रहरू भएकाले उनीहरुको अनुच्छेद लेखन क्षमता मध्यम खालको देखिएको छ ।

यसलाई तालिका र वृत्त चित्रमा अझ प्रष्टपार्न खोजिएको छ :

तालिका नं:-१७

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत | वृत्तको आधारमा प्राप्त डिग्री |
|---|---|---|---|---|
| १ | विशिष्ट | ० | ० | ० |
| २ | उच्च | १७ | ३४.६९ | १२४.८८ |
| ३ | मध्यम | २६ | ५३.०८ | १९१.०५ |
| ४ | निम्न | ६ | १२.२४ | ४४.०६ |

वृत्त चित्र नं:-६



माथिको वृत्त चित्रमा नमुना छनोटमा परेका छात्रहरूको परिणामलाई ३६०° कोणको आधारमा प्रष्ट्याउन खोजिएको छ जसमा मध्यममा ५३.०८ उच्चमा ३४.६९ र विशिष्टमा ० प्रतिशत प्राप्ताङ्क आउनाले छात्रहरूले उच्च र विशिष्ट श्रेणीका लागि अझ परिश्रम गर्नुपर्ने देखिन्छ ।

## ४.१.६.छात्राहरूको अनुच्छेद लेखन क्षमताको स्थिति (प्रतिशताङ्क तालिकामा)

तालिका नं.१८

| क्र.स. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|---|
| १ | नविना कार्की | १० | ८ | ८० |
| २ | अनिता माझी | १० | ७ | ७० |
| ३ | गीता आचार्य | १० | ६ | ६० |
| ४ | पूर्णलक्ष्मी कार्की | १० | ६ | ६० |
| ५ | सबिता परियार | १० | ४ | ४० |
| ६ | पवित्रा परियार | १० | ५ | ५० |
| ७ | स्वेता राय | १० | ६ | ६० |
| ८ | शोभा राई | १० | ६ | ६० |
| ९ | सविना बानियाँ | १० | ४ | ४० |
| १० | पूजा श्रेष्ठ | १० | ८ | ८० |

| | | | | |
|---|---|---|---|---|
| ११ | सुजिता भण्डारी | १० | ६ | ६० |
| १२ | निरा योञ्जन | १० | ४ | ४० |
| १३ | जस्मिना थापा | १० | ४ | ४० |
| १४ | निर्जला श्रेष्ठ | १० | ४ | ४० |
| १५ | सन्तोषी श्रेष्ठ | १० | ८ | ८० |
| १६ | समिक्षा दर्लामी | १० | ६ | ६० |
| १७ | सपना दर्लामी | १० | ७ | ७० |
| १८ | शुकु विसुङ्खे | १० | ३ | ३० |
| १९ | समिता दर्लामी | १० | ३ | ३० |
| २० | संगिता तोलाङ्गे | १० | ५ | ५० |
| २१ | गीता तोलाङ्गे | १० | ३ | ३० |
| २२ | संगिता भुजेल | १० | ३ | ३० |
| २३ | शान्ता विसुङ्खे | १० | ३ | ३० |
| २४ | तेजकुमारी तोलाङ्गे | १० | २ | २० |
| २५ | शुसिला तोलाङ्गे | १० | ५ | ५० |
| २६ | रिता माझी | १० | ७ | ७० |
| २७ | लक्ष्मी माझी | १० | ४ | ४० |
| २८ | मनिषा मंग्राती | १० | ४ | ४० |
| २९ | रिता तिमल्सिना | १० | ५ | ५० |
| ३० | कल्पना रम्तेल | १० | ४ | ४० |
| ३१ | चेली माझी | १० | २ | २० |
| ३२ | अस्मिता दर्लामी | १० | ८ | ८० |
| ३३ | संगिता श्रेष्ठ | १० | ७ | ७० |


| | | | | |
|---|---|---|---|---|
| ३४ | अस्मिता श्रेष्ठ | १० | ६ | ६० |
| ३५ | काजल राई | १० | ७ | ७० |
| ३६ | पूजा श्रेष्ठ | १० | ८ | ८० |
| ३७ | अम्विका भुजेल | १० | ७ | ७० |
| ३८ | सपना देवकोटा | १० | ५ | ५० |
| ३९ | बबिता राई | १० | ५ | ५० |
| ४० | प्रमिला चौलागाई | १० | ८ | ८० |
| ४१ | अस्मिता कार्की | १० | ८ | ८० |
| ४२ | स्नेहा बस्नेत | १० | ८ | ८० |
| ४३ | जुलिया थापा | १० | ८ | ८० |
| ४४ | संगिता श्रेष्ठ | १० | ६ | ६० |
| ४५ | सनम श्रेष्ठ | १० | ६ | ६० |
| ४६ | दिप्सिका पोखरेल | १० | ६ | ६० |
| ४७ | कल्पना श्रेष्ठ | १० | ७ | ७० |
| ४८ | गृष्मा कार्की | १० | ५ | ५० |
| ४९ | तारा मैनाली | १० | ७ | ७० |
| ५० | पुनम श्रेष्ठ | १० | ६ | ६० |
| ५१ | सबिता आचार्य | १० | ५ | ५० |

**छात्राहरूको अनुच्छेद लेखन क्षमताको स्थिति तालिका र स्तम्भ चित्रमा तल देखाइएको छ :**

**तालिका नं:-१९**

| क.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विशिष्ट | ९ | १७.६५ |
| २ | उच्च | २० | ३९.२२ |
| ३ | मध्यम | १४ | २७.४५ |
| ४ | निम्न | ८ | १५.२४ |

**स्तम्भ चित्र नं:-७**





माथिको स्तम्भ चित्रअनुसार नमुना छनोट परेका कक्षा ५ का ५१ जना छात्राहरू रहेका छन् । उनीहरूले विशिष्ट श्रेणीमा १७.६५ प्रतिशत, उच्च श्रेणीमा ३९.२२ प्रतिशत, मध्यम श्रेणीमा २७.४५ प्रतिशत, र निम्न श्रेणीमा १५.६८ प्रतिशत अङ्क प्राप्त गरेका छन् । छात्राहरूको अनुच्छेद लेखन क्षमता सन्तोषजनक देखिन्छ ।

**यसलाई तालिका र वृत्त चित्रमा देखाएर अझ प्रष्ट पार्न खोजिएको छ :**

### तालिका नं:-२०

| क.सं. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत | वृत्तको आधारमा प्राप्त डिग्री |
|---|---|---|---|---|
| १ | विशिष्ट | ९ | १७.६५ | ६३.५४ |
| २ | उच्च | २० | ३९.२२ | १४१.१९ |
| ३ | मध्यम | १४ | २७.४५ | ९८.८२ |
| ४ | निम्न | ८ | १५.६८ | ५६.४५ |

### वृत्त चित्र नं. ७



माथिको वृत्त चित्रमा हेर्दा कक्षा ५ मा अध्ययनरत छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई अध्ययन विश्लेषण गरी ३६०° कोणको आधारमा प्रष्ट्याउन खोजिएको छ।

समग्रमा छात्रहरूको तुलनामा कक्षा ५ मा अध्ययनरत नमुना छनोटमा परेका छात्राहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको देखिन्छ। जसमा विशिष्ट श्रेणीमा ९ जना छात्राहरुले ६३.५४°, उच्च श्रेणीका २० जनाले १४१.१९°, मध्यम श्रेणीका १४ जनाले ९८.८२° र निम्नका ८ जनाले ५६.५४° अङ्क प्राप्त गरेको देखिन्छ । समग्रमा हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ।

अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ विषय प्रवेश

प्रस्तुत अध्ययनमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन पहिचान गर्ने क्रममा यससम्बन्धी विभिन्न परिणामहरू प्राप्त गरी ती परिणामका आधारमा निष्कर्ष निकालिएको छ । अध्ययन गर्ने सिलसिलामा प्राप्त भएका निष्कर्षहरू तथा त्यसका लागि सुझावहरू प्रस्तुत अध्यायमा राखिएको छ ।

## ५.२ निष्कर्ष

१. कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम खालको देखिन्छ । उनीहरूले अनुच्छेद लेखनमा ५३ प्रतिशत प्राप्त गरेका छन्,

२. अनुच्छेदलेखनबाट लेखनसीपको विकास हुनुका साथै लेख्य क्षमता, दक्षता, कुशलता, स्तरीयता, परिपक्वता, स्पष्टता एवम् प्रौढता निर्माण हुन्छ,

३ मध्यमानको आधारमा हेर्दा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमध्ये ५० प्रतिशतभन्दा बढी विद्यार्थीले मध्यमानभन्दा बढी अङ्क प्राप्त गरेका छन्, जसले अनुच्छेद लेखन क्षमता सन्तोषजनक रहेको देखाएको छ ।

४. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको शब्द प्रयोगका सन्दर्भमा शब्दको आवृत्ति देखिएको छ । जस्तै :- गाई घाँस खान्छ ।, गाई कुँडो खान्छ । गाई पराल खान्छ । यसलाई हेर्दा उनीहरूको शब्द खेलाउने वा प्रयोग गर्ने क्षमता कमजोर भएको देखिन्छ,

५. अनुच्छेद लेखन अध्ययनको क्रममा छात्र र छात्राहरूको समग्र लेखनसीपको तुलना गर्दा छात्रहरूले ४९.१८ प्रतिशत र छात्राहरूले ५६.६६ प्रतिशत प्राप्त गरेकाले छात्रहरूभन्दा छात्राहरू यस कार्यमा अगाडि देखिन्छन्,

६. अनुच्छेद लेखनको क्रममा नेपाली पहिलो भाषा हुनेहरू र नेपाली दोस्रो भाषा हुनेहरूको समग्र रूपमा तुलना गर्दा नेपाली मातृभाषीहरूले ५०.५१ प्रतिशत प्राप्त गरेका छन् भने दोस्रोभाषीहरूले ५५.२३ प्रतिशत प्राप्त गरेका छन् ।

यसबाट मातृभाषी विद्यार्थीहरूको तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको पुष्टि हुन्छ ।

७. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूले अनुच्छेद लेखनको क्रममा विषयवस्तुको प्रस्तुतीकरण, भाषिक शुद्धता, वर्णविन्यास, आदि, मध्य र अन्त्यको तालमेल, शब्द प्रयोग, वाक्य प्रयोग आदि जस्ता पक्षमा त्रुटि गरेका छन् । त्यस्तै कतिपय विद्यार्थीहरूले अनावश्यक रूपमा विभक्तिको प्रयोग गरेको पनि पाइन्छ,

८. अनुच्छेदलेखनमा विद्यार्थीहरूमा व्याकरणगत, कर्ता, कर्म, क्रियाको प्रयोगसम्बन्धी, ह्रस्व-दीर्घसम्बन्धी, पदयोग-पदवियोगसम्बन्धी, आदरार्थी प्रयोगसम्बन्धी, लिङ्ग, वचन, पुरुष, काल, भाव आदिको प्रयोगसम्बन्धी समस्या परेको देखिन्छ,

९. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेदलेखनसम्बन्धी त्यति अभ्यास नगराएको अवस्था पाइन्छ । जसको कारण विद्यार्थीहरूले लेखाइमा स्पष्ट विचार दिन नसकेको देखिन्छ, विषयको क्रमभङ्गता देखिन्छ र लेखनशैली नमिलेको देखिन्छ ।

१०. अनुच्छेद लेखनको क्रममा प्रयोग हुने लेख्यचिन्हहरूको स्थितिलाई हेर्दा धेरैजसो विद्यार्थीहरूले पूर्णविराम प्रयोग गर्नुपर्ने ठाउँमा पनि अल्पविरामको प्रयोग गरेको पाइयो र चन्द्रबिन्दु र विभक्तिको प्रयोगमा कमजोर रहेको पाइयो,

११. भाषाका चारवटा सीपमध्ये लेखाइ प्रमूख सीप हो । भाषाका विद्यार्थीहरूमा लेखाइसीप पनि अन्य सीपजस्तै महत्त्वपूर्ण हुन्छ । कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता हेर्दा उनीहरूको लेखाइसीप त्यति सन्तोषजनक पाइँदैन ।

## ५.३ सुझावहरू

१. अनुच्छेद लेखन लेखाइसीप विकासको प्रमुख माध्यम भएकाले भाषा पाठ्क्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने क्रममा यसलाई महत्त्वपूर्ण स्थान दिई पाठ्यपुस्तकमा अभ्यासको रूपमा तथा परीक्षा प्रश्नपत्रमा समेत अनिवार्य रूपले समावेश गराउनु उचित देखिन्छ,

२. अनुच्छेद लेखन कार्यलाई तल्लो तहदेखि माथिल्लो तहसम्म उपयुक्त तरिकाले अभ्यास गराउनुपर्ने देखिन्छ,

३. बेला-बेलामा कक्षागत, तहगत वा विद्यालय स्तरीय अनुच्छेद लेखन प्रतियोगिता सञ्चालन गरेमा विद्यार्थीको क्षमता बढ्ने देखिन्छ,

४. नेपाली भाषा शिक्षकले शिक्षण सिकाइका क्रममा लेखन अभ्यास गराउँदा अनुच्छेदलेखनलाई समावेश गराई प्रयोग तथा अभ्यास गराउनु उचित देखिन्छ,

५. विद्यार्थीहरूलाई अनुच्छेदलेखन, श्रुतिलेखन तथा कुनै घटना वा चित्रवर्णन गर्ने कार्य प्रशस्तमात्रामा गराउनुपर्ने देखिन्छ ।

६. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेद लेखन क्षमताको विकास गर्नका लागि बेलाबेलामा निवन्ध, कथा, मनोवाद, दैनिकी, बादविवाद, चिठी तथा निवेदनलेखनजस्ता कार्यकलाप गराउनु उचित हुने देखिन्छ,

७ विभिन्न घटना तथा यात्रा वर्णनका क्रममा आफूले देखेका, भोगेका तथा अनुभव गरेका विभिन्न कुराहरूलाई लिखितरूपमा दिन विद्यार्थीहरूलाई प्रोत्साहन दिनु पर्ने देखिन्छ,

८. कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा अनुच्छेद लेखन सम्बन्धी अभ्यास तथा परीक्षामा प्रश्न समावेश नगरिएको हुनाले यी दुवैलाई अनिवार्य रूपमा कार्यान्वयन गराउनुपर्ने देखिन्छ,

९. अध्यापनका क्रममा विद्यार्थीहरूलाई कथा, कहानी, जीवनी आदि सुनाउने र त्यसका आधारमा अनुच्छेद लेखन लेख्न लगाउने गर्नु उचित हुने देखिन्छ,

१०. विभिन्न पत्र-पत्रिका तथा अन्य उपयोगी पाठ्यसामग्री पढ्न दिई तिनमा भएका लेख, रचना सङ्कलन गरेर ल्याउन लगाउने र तिनका आधारमा अनुच्छेद लेखन कार्य गराउनु पर्दछ । साथै विद्यार्थीहरूलाई अध्ययनको क्रममा बुँदाहरू टिप्न लगाई तिनका आधारमा अनुच्छेद लेखन लेख्न लगाउनु उचित हुने देखिन्छ,

११. तालिमप्राप्त तथा योग्य शिक्षकलाई मात्र अध्यापनको जिम्मेवारी दिनु पर्छ । नेपाली भाषाप्रति रहेको नकारात्मक सोचलाई हटाई अन्य विषय अध्ययन

गरेका शिक्षकलाई नेपाली विषयको शिक्षण गराउने कार्यबाट रोक्नु पर्दछ र नेपाली भाषाप्रति सकारात्मक सोचको विकास गराउनु उचित हुने देखिन्छ,

१२. कक्षा पाँचमा नेपाली भाषाको शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग अनिवार्यरूपमा गर्नुपर्दछ र भाषा शिक्षणका सम्पूर्ण विधिहरूको उचित प्रयोग गर्नुपर्ने देखिन्छ,

१३. अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा पर्न जाने नकारात्मक असर र भाषिक विचलनलाई रोक्न नेपाली भाषाको शुद्ध, स्पष्ट र स्तरीय प्रयोग गर्न प्रेरित गर्नु पर्दछ र प्रयोग गर्ने गरेका प्रचलित अङ्ग्रेजी शब्वहरूको नेपाली उल्था गरिदिनु राम्रो हुन्छ,

१४ विद्यार्थीहरूको मूल्याङ्कन गर्ने क्रममा आवश्यकताअनुसार निर्माणात्मक र निर्णायात्मक मूल्याङ्कन गरी त्यससम्बन्धी विभिन्न पृष्ठपोषण तथा सुझावहरू पेश गर्नुपर्ने देखिन्छ,

१५. समय-समयमा विद्यार्थीहरूलाई अनुच्छेद लेखनको नमुना देखाई त्यसमा निपूर्ण बनाउनु उचित हुने देखिन्छ,

१६. शैक्षिक भ्रमण, वनभोज, वार्षिकउत्सव तथा अन्य कार्यक्रमका बारेका आफूले देखेका, अनुभव गरेका कुराहरू लेख्ने कार्यमा विद्यार्थीहरूलाई अग्रसर गराउनु उचित हुने देखिन्छ,

१७. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूले अनुच्छेद लेखनका क्रममा विशेष गरी विषयवस्तुको प्रस्तुतीकरण, भाषिक शुद्धता, वर्णविन्यास, शब्दप्रयोग, वाक्यप्रयोग तथा आदि, मध्य र अन्त्यको संयोजन जस्ता पक्षमा त्रुटि गर्ने भएकाले यस्ता पक्षका यथेष्ट जानकारी विद्यार्थीहरूलाई दिनुपर्ने देखिन्छ,

१८. नेपालको परिप्रेक्ष्यमा परीक्षाको कुरा गर्ने हो भने यहाँ सम्पूर्ण परीक्षा लिखित रूपमा मात्र लिइन्छ। यस कुरालाई मध्यनजर गर्ने हो भने विद्यार्थीहरूमा लेखाइसीपको प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ,

१९. अनुच्छेदलेखनमा जोजो विद्यार्थीहरू धेरै पछाडि छन् तिनीहरूका लागि उचित समय निकाली थप अभ्यास गराउनुपर्ने देखिन्छ,

२०. विद्यार्थीहरूमा अनुच्छेद लेखन गराउँदा सुरुवातमा वस्तुगत विषयमा प्रत्यक्ष देखेका वा भोगेका विषयवस्तुमा अनुच्छेद लेखन गराउनु पर्दछ र यसमा

निपूर्ण भइसकेपछि क्रमशः भावानात्मक, आख्यानात्मक, तार्किक, विश्लेषाणात्मक, व्यङ्ग्यात्मक तथा आलङ्कारिक अनुच्छेदलेखनमा प्रोत्साहन गरी उचित वातवरण र अवसर प्रदान गर्नु उचित हुने देखिन्छ ।

## ५.४. भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अनुसन्धान भनेको कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु तथा पूरानो तथ्यलाई पुर्नव्याख्या गर्नु हो । यो समय र परिस्थितिअनुसार परिवर्तन भईरहन्छ । कुनै व्यक्तिले कुनै एक समयमा कुनै एक विषयमा अनुसन्धान गरेको छ भने अब त्यस विषयमा अनुसन्धान कार्य नै सकियो, त्यसमा अनुसन्धान गर्न मिल्दैन भन्ने हुँदैन । त्यसभन्दा पछि पनि अरुले त्यस विषयमा थप अनुसन्धान गर्न मिल्छ । त्यसैले अनुसन्धान भनेको पूरानो तथ्यलाई पुर्नव्याख्या गर्नु भनी भनिएको हो । यसरी अनुसन्धान भनेको कुनै कुराको बारम्बार खोज गरेर नयाँ कुरा पत्ता लगाउने कार्य भएकाले अनुच्छेदलेखनसँग सम्बन्धित रहेर अनुसन्धान गर्नुपर्दा भावी अनुसन्धानका लागि निम्नलिखत सम्भावित शीर्षकहरू उपयुक्त हुन सक्ने ठानिएको छ :

१. "कक्षा १० मा अध्ययनरत मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरू बीच अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन"
२. "प्रा.वि. र नि.मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन"
३. "कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन"
४. "कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखनका आधारमा शब्दभण्डार क्षमताको अध्ययन"

# सन्दर्भ ग्रन्थसूची

## पुस्तक


अधिकारी, हेमाङ्गराज (२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौं :विद्यार्थी पुस्तक भण्डार ।

......... (२०६३), **भाषाशिक्षण केही परिप्रेक्ष्य र पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.....................(२०५९), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** काठमाडौं :विद्यार्थी पुस्तकभण्डार ।

......................र केदार प्रसाद शर्मा(चौ.सं.२०६१), **प्रारम्भिक नेपाली शिक्षण** काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

खनाल, पेशल(दो.सं.२०६२), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं स्टुडेन्ट्स बुक्स पब्लिसर्स

गौतम, रामप्रसाद (प्र.सं.२०६१), **भाषिक अनुसन्धान विधि,** काठमाडौं दीक्षान्त पुस्तक भण्डार

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल(२०६३), **नेपाली भाषा शिक्षण** काठमाडौं एम.के पब्लिर्सर एण्ड डिस्टिव्यूर्टस पाठ्यक्रम विकास केन्द्र २०४९ प्राथमिक पाठ्यक्रम,सानोठिमी पा.वि.के.

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौंः रत्नपुस्तक भण्डार

भण्डारी, पारसमणि (२०६३) काठमाडौ, न्यू हिराबुक्स इन्टरप्राइजेज

..................... र अन्य (२०६६) **साधारण नेपाली**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

..................... र अन्य (२०६८) भाषिक अनुसन्धान विधि, काठमाडौ : पिकाकल पब्लिकेशन

लामिछाने, यादवप्रकाश (२०६२), नेपाली भाषा शिक्षण परिचय, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

# शोधपत्रको सूची


खत्री, मिरा (२०६६) **उच्च माध्यमिक तह कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

त्रिताल, बुलबुला (२०६६), **कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

सापकोटा, रमा (२०६७), **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

सिंखडा, सविता (२०६८), **कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

राय, शिवशंकर,(२०६८), कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, महेन्द्रदेव (२०६८), कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको **चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र , सिन्धुली वहुमुखी क्याम्पस सिन्धुली

# परिशिष्ट (घ) प्रतिनिधि नमुना छनौटमा परेका विद्यालयका शिक्षकहरूसँग अर्न्तक्रिया गरी लिइएको अभिमत

**अनुच्छेद लेखन क्षमताले लेखन सीप विकासमा पुऱ्याएको सहयोगको सम्बन्धमा**

अनुच्छेद लेखन लेखाइ सीप विकासको आधार हो। यसबाट लेखाइ सीपसँग सम्बन्धित सबै कार्यकलापमा सहयोग पुग्दछ, यसको अभ्यासबाट सृजनात्मक तथा मौलिक लेखनको विकास हुन्छ। साथै लेखाइका क्षेत्रमा देखिएका त्रुटिहरूको निराकरणका लागि सहयोग पुऱ्याउँदछ। अनुच्छेदलेखनको अभ्यासबाट भाषालाई शुद्ध, स्तरीय, प्रौढ एवम् मानक रुप प्रदान गर्न सहयोग पुऱ्याउदछ। व्यक्तिको अन्तरनिहीत क्षमताको प्रस्फुटनमा समेत यसले सहयोग गर्दछ। साथै यसले विषयवस्तुलाई सही ढङ्गले प्रस्तुत गर्न तथा आदि, मध्य र अन्त्यको सिलसिला मिलाउन एवम् शुद्ध, स्तरीय र परिष्कृत भाषा शैलीको निर्माण गर्न सहयोग गर्दछ।

**अनुच्छेदलेखनले अन्य लेखनमा सहयोग पुऱ्याउने सम्बन्धमा**

अनुच्छेद गद्यात्मक लेख रचना हो। यसले साहित्यिक एवम् साहित्येतर दुवै लेखनमा सहयोग पुऱ्याउँदछ। अनुच्छेद लेखनलाई सीपको आधार मानिने हुनाले यसमा निपूर्ण भएपछि त्यसपछिका अन्य कार्यकलापमा यसबाट सहयोग पुग्दछ। जतिजति लेखन कलाको विकास हुन्छ, त्यति नै साहित्यिक विधाहरूको रचना गर्न र भाषाको संयोजन, परिष्कार र प्रस्तुतीमा नवीनता ल्याउन सकिन्छ। जुनसुकै कूला लेख रचना र गद्य साहित्य तयार गर्न सर्वप्रथम अनुच्छेद लेखनमा नै पोख्त हुनु पर्दछ।

जसरी एउटा बालक उभिन नसकी हिड्न सक्दैन त्यसै गरी कुशल साहित्य सिर्जना गर्न वा अन्य लेख तथा रचना निर्माण गर्न अनुच्छेद लेखन विना सम्भव हुँदैन। त्यसैले अनुच्छेदलेखनको अभ्यास वा यसको लेखनमा निपूर्ण भई सकेपछि कथा,निबन्ध,मनोबाद,वादविवाद, जीवनी, चिठी, यात्रा वर्णन, प्रतिवेदन लेखनमा सहजता हुन्छ।

**भाषिक सीप विकासमा अनुच्छेदलेखनको प्रभाव सम्बन्धमा**

भाषिक सीप भन्ने वित्तिकै सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन्। यी चार सीपहरू एकअर्का सँग सम्बन्धित हुन्छन्। यी चार सीप मध्ये सुनाइ र पढाइबोध वा आदानात्मक

सीपसँग सम्बन्धित छन्भने बोलाइ र लेखाइ अभिव्यक्ति वा प्रदानात्मक सीपसँग सम्बन्धितछन् । यी जुनसुकै सीपसँग सम्बन्धित भएपनि लेखाइका लागि सुनाइ, वोलाइ र पढाइको आवश्यक्ता पर्दछ ।

भाषिक सीपका चारवटा सीपमध्ये विशेष गरी लेखाइ सीपमा अनुच्छेदलेखनले सहयोग पुऱ्याउँदछ । यसका साथै भाषिक शुद्धता, स्तरीयता र प्रोढतामा पनि अनुच्छेदलेखनको भूमिका उल्लेखनीय हुन्छ । त्यसैले भाषिक सीप विकासमा अनुच्छेदलेखनले सकारात्मक प्रभाव पार्दछ ।

**नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूवीच पाइने अन्तर सम्बन्धमा**

स्वभावैले विमातृभाषीका तुलनामा नेपाली मातृभाषीका लागि अनुच्छेद लेखन सहज बन्न जान्छ । नेपाली मातृभाषी हुनेहरूले दैनिक प्रयोग व्यवहारमा नेपाली भाषाको प्रयोग गरिरहेका हुन्छन् । यसले गर्दा अनुच्छेदलेखनमा पनि उनीहरूलाई सजिलो हुन्छ । त्यसैगरी आफ्नो घरपरिबार तथा समुदायसँग घुलमिल हुँदा उसले धेरै कुरा सिक्ने अवसर प्राप्त गरेको हुनछ, जसको प्रभाव अनुचछेदलेखनमा पनि पर्न सक्छ ।

ीवमातृभाषी विद्यार्थी हरूले घरपरिबारमा प्रयोग गर्ने भाषा एकथरी र विद्यालय वा साथीसँगीसँग प्रयोग गर्ने भाषा एकथरी हुन्छ ।त्यसैले विमातृभाषी विद्यार्थी जब विद्यालय प्रवेश गर्छ तव उसले एक्कासी दोस्रो भाषा सिक्न सक्दैन । दोस्रोभाषा सिक्ने क्रममा उसको पहिलो भाषाको प्रभाव बोलाइ र लेखाइ दुबैमा पर्न सक्छ । फलस्वरुप अनुच्छेदलेखनमा पनि यसको प्रभाव पर्छ र अनुच्छेदलेखनमा त्रुटि देखापर्छ । त्यसैले आनुच्छेदलेखनमा विमातृभाषी विद्यार्थीहरू मातृभाषीका तुलनामा पछि परेको देखिन्छ ।

**अनुच्छेदलेखनमा छात्र छात्रावीच देखापर्ने अन्तर सम्बन्धमा**

अनुच्छेदलेखनमा नियमित अभ्यास रमेहनत गर्ने हो भने जो सुकैले पनि सफलता हासिल गर्न सक्छ । त्यसैले यहाँ छात्र छात्रा जसको लागि पनि उचित अवसर र अभ्यासको आवश्यकता पर्दछ । पारिवारिक र शैक्षिक वातावरणमा राम्रो भएका तथा प्रसस्त अवसर छात्र वा छात्रा दुवै अनुच्छेदलेखनमा समान देखिन्छन् । तापनि छात्रहरू र छात्राहरू जस्तो मेहनती नदेखिएकोले छात्रभन्दा छात्राको अनुच्छेद लेखन सन्तोषजनक देखिन्छ । तर

छात्रहरूले पनि प्रशस्त मेहनत र अभ्यास गर्ने हो भने उनीहरू पनि यस कार्यमा सफल देखिनेछन् ।

छात्रहरूको तुलनामा छात्राहरूको लेखन शैली स्तरीय देखिन्छ। उनीहरूको शूब्दचैन पनि केही विशिष्ट प्रकृतिको देखिन्छ। समग्र रुपमा हेर्नेहो भने छात्र र छात्राको अनुच्छेदलेखनमा मिल्दा जुल्दा पक्षहरू बढी पाइन्छन् ।

**कक्षा पाँचमा अनुच्छेदलेखनको सान्दर्भिकता सम्बन्धमा**

अनुच्छेद लेखन लेखाइ सीप विकासको महत्वपूर्ण कार्यकलाप हो। यो कार्यकलाप सम्पूर्ण तहमा उपयोगी देखिन्छ। प्राथमिक तहदेखि नै विद्यार्थीहरूलाई अनुच्छेदलेखनको अभ्यास गराउने भने हो भने उनीहरू नि.मा.वि.तहमा पुग्दा अनुच्छेदलेखनमा निपूर्ण भई निबन्ध, चिठी, कथा, मनोवाद आदि जस्ता लेखनमा पनिसफल हुनसक्छन्। त्यसैले सबै तहमा अनुच्छेद लेखन कार्य गराउन आबश्यक हुनेभएकाले प्राथमिक तहको कक्षा पाँचमा पनि यसको अभ्यास गराउनु पर्दछ ।

विभिन्न घटना तथा यात्रा वर्णनको क्रममा देखेका , भोगेका र अनुभव गरेका कुराहरूलाई सिलसिलावद्ध तरिकाले लिखित रुपमा व्यक्त गर्न अनुच्छेदलेखनले सहयोग गर्दछ। व्यक्तिभित्र रहेका अथाह ज्ञान तथा विचार, सिर्जना र प्रतिभाहरूलाई सही तरिकाले प्रस्फुटन गर्न एउटा सशक्त माध्यम वा मार्गका रुपमा अनुच्छेदलेखनलाई प्रयोग गर्न सकिन्छ। विविध विषय क्षेत्रमा उठेका सवालहरूलाई आत्मापरक, वस्तुपरक, भावपरक, विश्लेषाणात्मक, तार्किक, व्यङ्ग्यात्मक आदि कस्तो तरिकाले व्यक्त गर्ने हो भन्ने कुरामा अनुच्छेदलेखनले सहयोग गर्दछ। साथै ती कुराहरूलाई समय परिस्थिति अनुकूल सङ्गठनात्मक रुपमा व्यक्त गर्न पनि यसले सहयोग पुऱ्याउँदछ। स्वतन्त्र र निर्देशित दुवै रुपमा यसको अभ्यास गराउँदा विद्यार्थीहरूमा सिर्जनात्मक तथा मौलिक लेखनसीपको विकास हुन्छ। त्यसैले कक्षा पाँचका विद्यार्थीहरूमा अनुच्छेद लेखन कार्य गराउनु सान्दर्भिक देखिन्छ ।

**अनुच्छेदलेखनका क्रममा कक्षा पाँचका विद्यार्थीहरूले गर्ने त्रुटि सम्बन्धमा**

मानव जातिले विभिन्न कार्यहरू गर्ने क्रममा विभिन्न किसिमका त्रुटिहरू हुने गर्छन्। काम गर्नेक्रममा देखिएका त्रुटिहरूलाई आत्मासात गरी तिनको निराकरण गर्न

अग्रसर हुने हो भने त्रुटिविना नै कार्य गर्न सकिन्छ। यसका लागि आफूले गर्ने गरेका त्रुटिहरूलाई सहजै स्वीकार गरी सुधार्ने प्रयास गर्नु पर्दछ।

कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूले अनुच्छेदलेखनको क्रममा विभिन्न किसिमका गल्तीहरू र्गने गरेका छन्। यस्ता गल्तीहरूमा वाक्यगठन सम्बन्धी त्रुटि 'य' र 'ए' को प्रयोग सम्बन्धी त्रुटि आदि पर्दछन्। यस्ता त्रुटिहरू धेरैजसो विद्यार्थीहरूमा पाउँन सकिन्छ। त्यसैगरी कतिपय विद्यार्थीहरूले विचारको श्रृङ्खला प्रस्तुतीमा तथा सङ्गठनात्मक प्रस्तुतीमा त्रुटि गर्ने गरेको पाइन्छ। साथै विमातृभाषी विद्यार्थीहरूले गर्ने त्रुटिमा उनीहरूको पहिलो भाषाको प्रभाव पर्नु, अल्पप्राण-महाप्राण तथा संघोष-अघोष प्रयोगमा पनि त्रुटि देखिन्छ।त्यसै गरी विद्यार्थीहरू अनुचछेदलेखनका क्रममा एउटा वाक्य नटुङ्ग्याई अर्को वाक्य सुरु गर्ने गर्दछन्। यसो हुँदा व्यक्त गर्न खोजिएको कुरा प्रष्ट हुदैन।

समग्रमा भन्नु पर्दा कक्षा पाँचका विद्यार्थीहरूले अनुच्छेदलेखनका क्रममा गर्ने गरेका त्रुटिहरूमा शब्दभण्डार, पदसङ्गति, भाषा संयोजनमा अज्ञानता, अनावश्यक ठाउँमा विभक्तिको प्रयोग, रस्व-दीर्घ सम्बन्धी त्रुटि, 'य' र 'ए' को प्रयोग सम्बन्धी त्रुटि तथा विमातृभाषीहरूले अनुच्छेदलेखनका क्रममा मातृभाषाका कतिपय पक्षको प्रयोग गर्नु आदि पर्दछन्।

**अनुच्छेदलेखनका क्रममा देखिएका त्रुटि निराकरणका लागि निर्देशित सुझाव सम्बन्धमा**

त्रुटि वा गल्ती कुनै पनि व्यक्तिबाट हुन सक्छ। तर गल्ती हुन्छ भन्दैमा तयसलाई सुधानै नखोज्नु अर्को ठूलो गल्ती हो। अनुच्छेदलेखनका क्रममा पनि विभिन्न त्रुटिहरू हुन्छन्। यस्ता त्रुटिहरू आफैले वा शिक्षकले पत्ता लगाई सकेपछि त्यसलाई सुधार्न अग्रसर हुनुभने पर्दछ। शिक्षकले दिएको पृष्टपोषणलाई मध्यनजर गरी त्यसको निराकरणका लागि प्रयास गर्ने हो भने अनुच्छेदलेखनमा सफल बन्न सकिन्छ। यसका लागि विद्यार्थी सचेत हुनुपर्दछ र अनुच्छेदलेखनको उचित अभ्यास गर्नु पर्दछ।

कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा सफल र उपयुक्त अनुच्छेद लेखन गराउन विद्यालयभित्र र बाहिर विविध किसिमका लेखन क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउनु पिर्दछ। विद्यालयभित्र अनुच्छेदलेखनलाई कक्षा कार्यकलाप तथा गृहकार्यको रुपमा दिएर अभ्यास गराउन सकिन्छ। त्यसैगरी दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धबार्षिक रुपमा अनुच्छेद लेखन, टिप्पणी, कथालेखन, चिठी लेखन, मनोवाद लेखन, निवन्ध

लेखन, वादविवाद लेखन आदि गराउनु पर्दछ। यसका अतिरिक्त शैक्षिक भ्रमण, वनभोज, वार्षिक उत्सव तथा अन्यकार्यकलापहरूका वारेमा आफूले देखेका तथा अनुभव गरेका कुराहरू लेख्ने कार्यमा विद्यार्थीहरूलाई अग्रसर गराउनु पर्दछ। अनुच्छेद लेखन सम्बन्धी विभिन्न प्रतियोतितात्मक कार्यक्रम आयोजना गरी पुरस्कार वितरण समेत गर्ने हो भने विद्यार्थीहरू प्रोत्साहित हुन्छन्।

**कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेदलेखनमा कमजोर देखिने कारणहरू**

कक्षा पाँचमा अध्ययनत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्ने क्रममा उनीहरूको अनुच्छेद लेखन क्षमता कमजोर रहेको पाइयो। विषय शिक्षकहरूले दिएका उत्तर अनुसार अनुच्छेद लेखन कार्यमा उनीहरूको नतिजा सन्तोषजनक नदेखिनु तथा उनीहरू कमजोर हुनुमा निम्न कारणहरू अनुसन्धानको क्रममा देखिएका छन् -

१. अनुच्छेद लेखन कार्यमा आवश्यक रुपले अभ्यास नगराउनु,
२. विषयगत शिक्षकको अभाव हुनु,
३. तालीमप्राप्त शिक्षकको अभाव हुनु,
४. पाठ्यपुस्तकमा अभ्यासको रुपमा तथा परीक्षामा अनुच्छेदलेखनलाई समावेस नगरिनु,
५. नेपाली भाषा र भाषाशिक्षणलाई सकारात्मक रुमा नहेरिनु,
६. शिक्षकहरूको लापर्वाही तथा शिक्षणमा झारो टार्ने प्रवृत्ति हुनु,
७. विद्यार्थीहरूलाई खोजमूलक एवम् सिर्जनात्मक कार्यमा अग्रसर नगाराउनु।